वर्ष : १९, अंक : ३९, काठमाडौं, २०८० माघ १९ गते शुक्रबार, 2 February, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## शासकवर्गको विभेदकारी नीतिका कारण मधेशपछि पर्‍यो : अध्यक्ष यादव




जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शासकवर्गको उपेक्षाका कारण मधेशपछि परेको बताएका छन् ।

समाजवादी महिला संघ मधेश प्रदेश समितिले जनकपुरधाममा आयोजना गरेको दुई दिवसीय प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष यादवले शासकवर्गको मधेशप्रतिको विभेदकारी नीतिका कारण मधेश शिक्षा, स्वास्थ्य, रोजगार जस्तो आधारभुत क्षेत्रमा पछि परेको दाबी गरेका हुन् ।

मधेशी जनताले शासकवर्गको रबैया विरुद्ध गरेको भिषण विद्रोहको बलमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भए पनि केन्द्रीकृत मानसिकता बोकेका शासकवर्गको मधेशप्रतिको रबैया अझै सुध्रिन नसकेको उल्लेख गरे ।

समथल भूभाग, उर्वर भूमि जस्ता विकासका आधारभुत तत्वहरु मधेशमा भए पनि सबै क्षेत्रमा मधेशपछि पर्नुको एक मात्र कारण बिगतका गलत नीति, योजना र बिभेदकारी शासन प्रणाली नै रहेको उल्लेख गर्दै अध्यक्ष यादवले मुलुक संघीय शासन प्रणालीमा गए पनि विभेद उन्मुलन हुन नसकेको दाबी गरे ।

मधेश सरकारलाई दिने बजेट लगायतको सेवा सुबिधामा समेत विभेद भैरहेको उल्लेख गर्दै अध्यक्ष यादवले विभेद अन्त्य नभएसम्म मधेश विकास निर्माणमा फड्को मार्न नसक्ने उल्लेख गरे ।

समाजवादी महिला संघका प्रदेश अध्यक्ष एवं प्रदेशसभा सदस्य संजिला यादवको अध्यक्षतामा भएको उक्त उद्घाटन सत्रमा जसपा राजनीतिक समिति सद्स्य एवं समाजवादी महिला संघका केन्द्रिय अध्यक्ष निर्मला यादव, राजनीतिक समिति सदस्य संघीय सांसद रेखा कुमारी यादव, मधेश सरकारका अर्थमन्त्री संजय यादव, महिला बालबालिका मन्त्री सुरिता साह सहितका वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए ।

## मुलुकलाई सञ्चालन गर्नमा शीर्ष भनिएका नेताहरू असफल : प्रभु साह



काठमाडौं । आम जनता पार्टी (आजपा) अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले प्रमुख दलका शीर्ष नेताहरु मुलुकलाई सञ्चालन गर्नमा असफल भएको बताएका छन् । पटक-पटक सरकारको नेतृत्व गरिसकेका नेताहरुले मुलुकलाई समृद्ध बनाउँन नसकेको र कुर्सी बचाउँने, गिराउँने खेलमा रमाई रहेको साहको दावी छ । आजपाको केन्द्रीय कार्यालय कोटेश्वरमा विभिन्न पार्टीका नेतालाई आजपामा प्रवेश गराउँदै उनले मुलुकलाई समृद्ध बनाउँन आम जनताको शासन व्यवस्था आवश्यक रहेको बताए ।

पटक-पटक सरकारको नेतृत्व गरिसकेका र सरकारको नेतृत्व हत्याउँने खेलमा लागेका नेताहरुकै कारण मुलुक समृद्ध हुन नसकेको उनको दावी छ । 'सरकार बनाउँने र गिराउँने खेलमै उहाँहरुको समय बितिरहेको छ । जनताको समस्या सुन्ने, सम्बोधन गर्ने, मुलुकलाई समृद्ध बनाउँने, रोजगारी सृजना गर्ने, युवालाई नेपालमै रोजगारी दिने, भ्रष्टाचारीलाई कारवाही गर्ने लगायतका काममा उहाँहरुको ध्यान कहिल्यै गएन' अध्यक्ष साहले भने ।

बिभिन्न पार्टी परित्याग गरी आजपामा प्रवेश गर्नेलाई स्वागत गर्दै उनले पार्टीले सञ्चालन गरिरहेको भ्रष्टाचारीलाई कारवाही गर्ने अभियानमा जुटन आग्रह गरे । सोसल डेमोक्रेटिभ पार्टीका पोलिटब्यूरो सदस्य तथा काठमाडौ-१० बाट सविधानसभा सदस्य प्रत्यासी कपिल थापा, राष्ट्रिय जनमुक्ति पार्टी भक्तपुर जिल्ला अध्यक्ष रमेश थापा, कलाकार कपिल कुमार क्षेत्री र अखिल नेपाल होटेल क्यासिनो मजदुर संघका केन्द्रीय नेता अमर थापा मगर रामेछाप, ललितपुरको बामपन्थी नेता सूर्यमान महर्जन लगायतका नेताहरु आजपामा प्रवेश गरेका छन् । आजपाले भ्रष्टाचार विरुद्ध २० माघमा काठमाडौंमा मोटरसाईकल र्‍याली गर्दैछ । भ्रष्टाचार बढदै जाँदा मुलुकको आर्थिक अवस्था विग्रदै गएको निष्कर्ष निकाल्दै आजपा भ्रष्टाचारका बिरुद्धमा बिभिन्न कार्यक्रमका साथै देशैभरी आन्दोलन गर्दै आएको छ । पार्टीको यही अभियानलाई सफल बनाउँनु सबैले आ-आफ्नो क्षेत्रमा जुटनुपर्ने उनले बताए ।

## सीमामा अनावश्यक दु:ख नदिन सशस्त्र प्रहरीलाई मधेशी आयोगको ध्यानाकर्षण

काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले तराई-मधेशसँग जोडिएका नेपाल-भारत सीमामा देखा परेका विभिन्न समस्याहरु जस्तै लागूऔषध ओसारपसार, मानव तस्करी, चेलीबेटी बेचबिखन जस्ता समस्याहरुलाई न्यूनीकरण गर्न सशस्त्र प्रहरीलाई अझै संवेदनशील हुन् सशस्त्र प्रहरीलाई सचेत गराएका छन् ।

आयोगका अध्यक्ष डा. दत्तले सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललाई कार्यालयमा बोलाएर सीमामा देखा परेका समस्याहरुसँग सम्बन्धित विभिन्न उजुरीहरु आयोगमा आएको हुँदा त्यस्ता समस्याहरुको समाधानार्थ सशस्त्र प्रहरीको भूमिका आवश्यक रहेको बताएका छन् ।

सो भेटघाटमा अध्यक्ष डा.दत्तले गरिब जनताहरुले भारतबाट दैनिक गुजाराको लागि सामान ल्याउँदा पनि सशस्त्र प्रहरीले दु:ख दिएको गुनासो आयोगमा आएको हुँदा जनतालाई अनावश्यक दु:ख नदिन पनि महानिरीक्षक अर्याललाई निर्देशन दिएका छन् । अध्यक्ष डा.दत्तले मानवअधिकारको संरक्षण सबैको साझा दायित्व रहेको समेत बताएका छन् ।

सशस्त्र प्रहरीमा मधेशी समुदायको पहुँच बढाउन समेत आयोग र सशस्त्र प्रहरीबीच समन्वयात्मक भूमिका आवश्यक रहेको अध्यक्ष डा.दत्तले बताएका छन् ।

भेटघाटमा महानिरीक्षक अर्यालले सशस्त्र प्रहरीले छिटै आयोगसँग सहकार्य गरी सीमासँग जोडिएका गाउँहरुमा युवा सशक्तिकरणका लागि सीपमूलक तथा सचेतनामूलक कक्षाहरु संचालन गरिने प्रतिबध्ता व्यक्त गरेका छन् ।

# मधेश सरकारबाट बाहिरिएपछि जनमतको आरोपैआरोप




सप्तरी । जनमत पार्टी, मधेश प्रमुख महेश प्रसाद यादवले राजविराजमा द्वन्द्ध गराउने यस प्रदेशका मुख्यमन्त्री मुख्य योजनाकार रहेको आरोप लगाउनुभएको छ । मधेश प्रदेशको पूर्व शिक्षा तथा संस्कृति मन्त्री समेत रहेका महेश प्रसाद यादवले आफू निर्वाचित भएको क्षेत्रमा नै द्वन्द्ध गराउने मुख्य योजनाकार मुख्यमन्त्री रहेको आरोप लगाउनुभएको हो ।

मधेश प्रदेश सरकारको मुख्यमन्त्री सरोज यादव र जसपा अध्यक्ष उपेन्द्र यादवले सुनियोजित रुपमा घटना घटाएको उनले आरोप लगाएका हुन्। नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालयमा विहीवार एक पत्रकार सम्मेलन गर्दै उनले मुख्यमन्त्री र जसपा अध्यक्षबाट एकदमै घिनलाग्दो घटना भएकोमा आपत्ति व्यक्त गरेका छन्।

जनमत पार्टीको संसदीय दलको नेता समेत रहेको पूर्व मन्त्री यादवले जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता र मन्त्रीहरूको बहिर्गमनले प्रदेश सरकारभित्र एक किसिमको तरङ्ग नै ल्याई दिएको बताए।

मुलुक संघिय गणतन्त्रात्मक संरचना प्रणालीमा नेपालको संविधान, २०७२ को कार्यान्वयन दोस्रो कार्यकालबाट गुज्रिरहेको बताउदै उनले संघिय व्यवस्थाको संस्थापक प्रदेशको रूपमा चिनिने मधेश प्रदेश नै रहेको बताए । गत वर्ष २०७९ को मङ्सिर ०४ गते भएको आम निर्वाचनमा चाहिएको सिट कुनै पार्टीले जित्न नसकेर मधेश प्रदेशमा सबै दलहरू मिलेर सदन र सरकार चलाउनु पर्ने साझा बिचारको जन्म भएको बताए।

आफूले २०७९/१०/२० गते शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री पदको शपथग्रहणलिँदै २०७९/१०/२२ गते पदभार ग्रहण गरी आफूले पाएको जिम्मेवारीको दायरा भित्र गरेको कामकाज समेत पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्नुभयो ।

साक्षर मधेश प्रदेश घोषणा,गुणस्तरीय शिक्षा मापन स्केल नीति ल्याउने,सीमान्तकृत समुदायको लागि विशेष नीति,प्रादेशिक शिक्षा ऐन,दण्ड पुरस्कारको नीति,शिक्षा विज्ञहरूसँग त्रैमासिक स्कुलिङ्ग, मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयमा पठनपाठनको शुरुवात, व्यवहारिक, संस्कारी र मातृभाषा शिक्षामा जोड,विज्ञान, प्रविधि सँग सम्बन्धित प्रदेश स्तरीय जडान, व्यापार तथा वाणिज्य सम्बन्धी विशेष नीति,प्रदेश स्तरमा हानिकारक पदार्थको नियमन र व्यवस्थापन,सामुदायिक विद्यालयहरूको वास्तविक शैक्षिक अवस्थाको निरन्तर निरिक्षण ,दातृ निकाय संस्थाहरूलाई रेकर्डका लागि मन्त्रालयमा दर्ता गरिने कामको शुरुवात,बालविवाह मुक्त १० वर्ष योजना सार्वजानिक, मधेश प्रदेशको आठै जिल्लामा खेल ग्राउन्डको स्तर उन्नती योजना ल्याएको जानकारी दिए ।

गरिब दलितको लागि गोईठा विस्थापन कार्यक्रम,विकासको लागि विशेष शैक्षिक परियोजना स्वीकृत गराई ३० करोड बजेट समेत ल्याएको,कन्या आवसित विद्यालय निर्माण गर्न बजेट विनियोजन,मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयको पठन-पाठन सुरुवात ,राजविराज, लहान, जनकपुर, जलेश्वर, मलगंवा, गौर र विरंगन्ज लगायतको शहरहरुमा मजदुर विश्राम कक्ष निर्माण गर्न योजना ल्याएको जानकारी दिए। सप्तरीको मरौटी (कृष्णासवरण), चनरभोगा, ललापटीको लालेश्वर महादेव, पातोको डाक्नेश्वरी देवी, कटैयाको दिनाभद्री बाबा, भारदहको कंकालनी मन्दिर प्रदेशको नीति आयोगमा समावेश गर्न सफल भएको आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

जनमतलाई २ बटा मन्त्री र १ वटा राज्य मन्त्री दिएको थियो। जसमा ३/४ महिना नबित्दै कृषि मन्त्री र राज्य मन्त्रीलाई हटाएर विना विभागीय बनाई दियो र मैले पाएको मन्त्रालय शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय योजना र बजेट विहीन बनायो। म मन्त्री त थिए तर मेरो मन्त्रालयमा न कुनै योजना दियो न त बजेट , न सचिव नै। यस्तो अवस्थामा ३ महिना बस्दा मन्त्रालय पनि टुक्राएर शिक्षा तथा समाज कल्याण मन्त्रालय बनाई दियो। शिक्षा तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी पाउँदा

बाँकी अन्तिम पृष्ठमा

## केन्द्रीय श्रम सल्लाहकार परिषद्को बैठक सम्पन्न



काठमाडौं । श्रम ऐन, २०७४ को दफा १०२ बमोजिमको केन्द्रीय श्रम सल्लाहकार परिषद्को बैठक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सम्पन्न भएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीको अध्यक्षतामा बुधबार सम्पन्न बैठकमा नेपाल सरकारका सचिवहरु, परिषद्का सदस्य एवम् विभिन्न निकायका प्रमुखहरु, रोजगारदाताका प्रतिनिधिहरु, ट्रेड युनियनका प्रतिनिधिहरु र सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

बैठकले मुलुकको श्रम प्रशासन सुधार, आन्तरिक रोजगारी प्रवर्धन लगायत विषयमा निम्नानुसारका महत्वपुर्ण निर्णयहरु गरेको र निर्णय कार्यन्वयनका लागि सबै क्षेत्रबाट प्रतिवाद्धता व्यक्त भएको व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ ।

निर्णय नं १: आर्थिक वर्ष द्दण्डज्ञ/डद्द देखि द्दण्ढण/ढज्ञ सम्मलाई सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार, आम सञ्चार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु, ट्रेड युनियन, राजनैतिक दलहरु समेतको सहकार्यमा आन्तरिक रोजगार प्रवर्धन दशकको रुपमा मनाउन नेपाल सरकारलाइ अनुरोध गर्ने। साथै आगामी सोहौं योजना तथा बजेट तथा कार्यक्रम तर्जुमामा समेत यस बिषयमा सघाउ पुग्ने गरी तर्जुमाका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

निर्णय नं २: अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित महासन्धिहरुको नेपालले अनुमोदन/सम्मिलन/स्वीकृति वा समर्थन गर्ने सम्बन्धमा प्रारम्भिक एवम् विस्तृत अध्ययन गरी प्रतिवेदन गर्न गठित समितिद्वारा तर्जुमा गरी स्वीकृतिका लागि पेश हुन आएको संलग्न कार्ययोजना स्वीकृत गरी सोही कार्ययोजना बमोजिम महासन्धि तथा प्रोटोकलहरु अनुमोदन/सम्मिलन/स्वीकृति वा समर्थन गर्ने प्रक्रिया अगाडी बढाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

निर्णय नं ३: अनौपचारिकताको निदान सम्बन्धमा कार्ययोजनाले पहिचान तथा स्वीकृत गरेका ज्ञड वटा क्रियाकलापहरुमध्ये करिब छ्ण प्रतिशत क्रियाकलापहरु सञ्चालनमा ल्याउन बाँकी रहेको, एउटा क्रियाकलाप अर्को क्रियाकलापको प्रगतिसँग सम्बन्धित रहेको र कार्ययोजनाको अन्तिम लक्ष्यको रुपमा रहेको अनौपचारिकताको निदान/व्यवस्थापन सम्बन्धी राष्ट्रिय रणनीति तर्जुमाको कार्य सम्पन गर्न थप समय आवश्यक भएको सन्दर्भमा कार्यदलबाट माग भए अनुसार अनौपचारिकताको निदान/व्यवस्थापन सम्बन्धमा गठित कार्यदल तथा संशोधित कार्ययोजना कार्यान्वयनको अवधि सन् द्दण्द्दछ जुलाईसम्म थप गर्ने ।

निर्णय नं ४: प्रतिष्ठानस्तरबाट नियमावली/विनियमावली संशोधन सम्बन्धमा अनुमती माग गरी प्राप्त

बाँकी अन्तिम पृष्ठमा

## दाइजोको कारण महिलाको हत्या, प्रहरीले उजुरी नलिएको पीडित पक्षको आरोप





राकेश यादव, रौतहट । जिल्लाको गौर नगरपालिका वडा नम्बर ४ गढवामा दाइजो नदिएको निहुँमा एक विवाहिता महिलाको हत्या गरिएको छ ।

बिहेमा नगद रुपैयाँ कम दिएको र सुत्ने खाट, कुर्सी लगायत को फर्निचर नदिएको भन्दै यातना दिँदै आएको ससुराल पक्षले छोरीको हत्या गरेको मृतकका आमा बुबाले आरोप लगाएका छन् ।

सामाजिक परम्पराअनुसार २०७७ साल जेष्ठ महिनामा बिबाह गरेका रौतहट जिल्लाको मौलापुर नगरपालिकाको बौधामा साबिक घर भई हाल गौर नगरपालिका ४ मा बस्दै आएका बिजुली बैठाको छोरा सुनिल बैठा आफ्नो आमासँग मिलेर २१ वर्षीया छोरी पुनम देवी बैठाको शुक्रबार घरमा हत्या गरेको मृतकको बुवा संजय बैठाले बताएका छन् ।

भारतको मोतिहारी जिल्ला रुसुलपुर घर भई हाल काठमाडौँमा व्यापार गरि बस्दै आएका बैठाले गौरमा सन्चारकर्मीसँग कुरा गर्दै दाइजोको बिषय लिएर छोरीलाई सधै कुटपिट गर्दै आएका ज्वाई सुनिल बैठा र छोरीको सासुले मिलेर हत्या गरेर घरमा झुन्ड्याएको दावी गरे ।

छोरीलाई पटक पटक लोग्ने, सासु र ससुराले दाइजो माग गर्न मानसिक, शारीरिक यातना दिने गरेकोले काठमाडौँमा प्रहरीमा उजुरी समेत दिएको उल्लेख गर्दै ससुरा बिजुली बैठाको इशारामा यस्तो घटना मृतक महिलाका आमा सीता देवीले बताए ।

मृतकको १६ महिनाको छोरा रहेको बताउँदै निजको आमाले लोग्ने र सासुले हत्या गरेर आत्म हत्याको घटना बनाउने दुष्प्रयास गरेकोले दोषी उपर कानुनी कार्यवाही गर्न माग गरे ।

सुत्ने कोठामा रहेको खाट नजिक दुवै खुट्टा भुइँमा छोएको र घाटीमा सौलले बाधिएको अवस्थामा शब बारामद भएकोले हत्या गरि झुन्ड्याएकोले छानबिन गरि कानुनी कार्यवाही हुनु पर्ने माग पीडित परिवारको रहेको छ ।

हत्यामा संलग्न रहेका लोग्ने, सासु उपरमा जाहेरी दरखास्त लिएर जिल्ला प्रहरी कार्यालयमा जाँदा जाहेरी लिन नमानेको बताउँदै मृतकका आमाले छोरीलाई न्याय पाउनु पर्ने गुहार लगाए ।

तराई-मधेशमा दाइजोको कारण प्रत्येक महिना एउटा महिलाको हत्या भई रहदा निषपक्ष रुपमा कार्यवाही नहुँदा यस्तो अवस्था आएको छ । यस्ता घटना न्यूनीकरण गर्नका लागि प्रहरीले समयमा सक्रियता देखाउन जरुरी रहेको छ ।

# सम्पादकीय

## स्वार्थ पूर्तिमा लिप्त मधेशका राजनीतिक अगुवाहरू

मधेश आन्दोलनले मिल्काइएका, फालिएका पहिचान कायम हुन नसकेका, असक्षम र दलाल मनोवृतिका मधेश राजनीतिका अगुवाहरूको मान, प्रतिष्ठा र पहिचान स्थापित गर्‍यो । जातीय भावना यहाँ पनि थिएन । मधेश विद्रोहबाट आतंकित शासकको मधेश राजनीतिको “माइको मेनेजमेन्टप्रति काफी चिन्तित र गम्भीर बनेका थिए । मधेश आन्दोलन स्थगित भए पनि यसको राप र ताप जीवन्त थियो । यसको प्रभावलाई निस्तेज पार्न राज्यले मधेशका राजनीतिक अगुवाहरूको कमजोरी पत्ता लगाएर शिकार गर्‍यो ।

भेदभावबाट मधेशलाई मुक्त पार्न आन्दोलनले जन्माएको समग्र मधेशको राजनीतिक एजेण्डामा दलाल राजनीति अगुवाहरूका कारण छिद्र हुन थालियो । समग्र मधेशको राजनीति जातीय राजनीतिमा रूपान्तरित भयो । यसरी मधेशमा यादव, बाहुन, मुसलमान, तेलीसुँडी आदिका साम्प्रदायिक पार्टीको जन्म भयो र राज्यसत्ताको इशारामा यी पार्टीहरू पारस्परिक रूपमा लड्न थाले । मधेश मुक्तिका लागि शुरू भएको राजनीति जाति सम्प्रदायमा आएर सीमित भयो । मधेशको यसरी राजनीतिक विखण्डन गरेको राज्य केही राहतको साँस लियो । समग्र मधेशको अधिकारका कुरा गर्ने राजनीतिक अगुवाहरू आफ्नो जातका कुरा गर्न थालेपछि मधेश समाजमा जातीय घृणाका शिकार बहुसंख्यक र अल्पसंख्यक सबै हुन थाले । जातीय राजनीतिको विष वृक्ष पल्लवित, पुष्पित हुँदै जाँदा समग्र मधेशको एकता सैयौं टुकामा विभक्त भयो । जातीय राजनीतिको जहरीला प्रभावले समग्र मधेश विषाक्त बन्यो र यही मोका छोपी संघीयताको माग गर्ने मधेशलाई ८ जिल्लामा सीमित रह्ने गरि प्रदेश विभाजन गरेको थियो । मेची महाकालीको २२ वटा मधेशका जिल्लालाई ६ टुकामा मधेश सरकार आनन्दपूर्वक रमाइरहेको छ ।

मधेशका राजनीतिक अगुवाहरूको व्यक्तिगत स्वार्थपूर्ति गर्ने सुखद अवसर प्रदान गरेर राज्यसताले कस्तो सूक्ष्म तरिकाले मानवीय मूल्यको ह्रास गरायो, स्वयं अगुवाहरूलाई पनि थाहा भएन । बहुसंख्यक जातीय अगुवाहरूले चीरकालसम्म राजनीतिमा आफ्नो वर्चस्व बनाई राख्न जातीय आधार नै रोजेपछि समग्र मधेशप्रतिको आस्था र दायित्व कसैमा रहेन । ८ जिल्ला बाहेकका मधेश आफ्नो मैलिकता छोड्न बाध्य भयो । समग्र मधेशको मुक्ति आन्दोलन “संघीय लोकतान्त्रिक गणतन्त्र”को यज्ञशालामा भष्मीभत भएको छ । पुतश्चः यो पुस्ताले मधेश मुक्तिको कुरा गर्न नसक्ने गरी अपाङ्ग भएको छ ।

आन्दोलन पश्चात् मधेशको राजनीतिभन्दा व्यक्ति प्रधानको राजनीतिमा होमिएको तीनवटा पार्टी (मधेशी जनअधिकार फोरम, तमलोपा र सद्भावना) १३ वटा पार्टी बनाए । विभाजनमा बढी रमाउने मधेशका राजनीति अगुवाहरू पार्टी बनाएर अधिक से अधिक नेतृत्वकर्ता बने । विखण्डित अवस्थामा चुनावको कठोर प्रहारबाट आहत भई यीनले विभाजित पार्टीलाई जोड्ने प्रयासमा लागे । पार्टीको अध्यक्ष बनेर नाम चलाइसकेकाहरूको महत्वाकाँक्षा यति ठूलो थियो कि कोही कसैको मातहतमा वस्न चाहँदैन्थ्यो । अध्यक्षमण्डल बनाएर पालैपालो सबैले नेतृत्व गर्ने शर्तमा विभाजित रहेको ६ वटा पार्टी एकीकृत भएको राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल बन्यो । व्यक्तिगत राजनीतिका कुशल नेतृत्व गरेका यी अनुहारहरू मधेश मुद्दाबाट टाढिए पनि सत्तासँग दलीय स्वार्थ पूरा गराउन बेला मौका मधेशको मुद्दा उठाई रहन्थ्यो ।

जातीय बाहुल्यताको आधारमा पहिचान बनाउन सफल संघीय समाजवादी फोरमलाई राज्यले पनि अलि बढी आदरपूर्ण व्यवहार गरेका कारण उनी मधेशका मसीहा नै बने । संघीय समाजवादी फोरम र राजपाबीचको एकीकरण त कल्पना मात्र थियो । राजपालाई कुनै महत्व नदिने, मधेशको सर्वाधिकार आफ्नो हिस्सामा देख्ने संघीय समाजवादी फोरमको महत्वाकाँक्षा नै एकीकरणको बाधक देखिएको थियो ।

# मधेशका शहीदप्रति किन उपेक्षा ?



**अजय कुमार झा**

राणा शासनको खिलाफ बलिदानी दिने सहिदहरुमा गोरखकालीदेखि खरीको बोटसम्म झुण्ड्याइएकाहरू मात्र छैनन् । सप्तरीको हनुमाननगर जेल काण्डका सहिदहरूको नाम पनि जोडिएको देखिनुपर्छ । राणा शासनपछि शाह राजाले गरेको प्रत्यक्ष शासनमा देशभरिका जनताले के कति बलिदानी दिए, त्यसको सही सही लेखाजोखा हुन बाँकी नै छ । खासगरी तराईमा तराई काँग्रेस, मधेश जनक्रान्तिकारी दल, तराई मुक्ति मोर्चाले बेहोरेका बलिदानीको उपेक्षा मधेश सरकारले पनि गरेको छ ।

आफ्नो देश, संस्कृति, अस्तित्व र स्वाभिमानको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान हुने अमर व्यक्ति सहिद कहलिएका छन् । सहिद नेपाली साहित्यमा अरबी आगन्तुक शब्द हो । मूल अरबी शब्द शहीद हो, जसलाई नेपालीमा भित्र्याउँदा सहिद बनाइएको देखिन्छ । अरबी इतिहासमा अरबी भाषाको शहीद र फारसी भाषाको मर्द शब्दलाई सँगै पारेर प्रयोग गरेको देखिन्छ, जसको अर्थ धर्म वा ईश्वरको नाममा ज्यान दिने व्यक्ति भन्ने बुझिन्छ । गैर ईस्लामी सन्दर्भमा अर्थात भारत र नेपालतिर शहीद र सहिद शब्दको उपयोग विशेष गरि राजनैतिक प्रकरणमा गर्न थालियो । किनभने सनातन धर्ममा वा सनातन धर्मका प्रवर्तनका लागि सहादत दिनुपर्ने अवधारणा छैन ।

हो, यतातिर को साहित्यमा बलिदान वा बलिदानी शब्दको उत्पत्ति अवश्य भएको पाइन्छ, जसको उपयोग धार्मिक क्षेत्रमा मानिस स्वयंको त्याज्यका लागि नभई मानिसभित्र को पञ्च विकारको त्यागको लागि भएको छ । नीतिशास्त्रमा पांच तरहको विकारको चर्चा पाइन्छ । काम, क्रोध, लोभ, मोह र अहंकार यी पञ्च विकारको बलिदान दिन र आत्माका सात गुण - पवित्रता, शांति, शक्ति, प्रेम, खुशी, ज्ञान र गंभीरताको अंगीकरण निम्ति उपदेश दिइएको पाइन्छ । एका तर्फ पांच विकार छन् भने अर्को तर्फ सात गुणहरूको । हुनत धार्मिक जगतमा देवी देवताको नाममा पशु पन्छीको बलि दिने गरेर बलिदानको कृत्यलाई विकृत पारिएको पनि देखिन्छ ।

राजनीतिमा बलिदान वा बलिदानी शब्दको उपयोग प्राचीन कालदेखि हुँदै आएको छ । बलिदान भनेर लोकहित वा राष्ट्रहितका निम्ति गरिने उत्सर्ग र त्यागलाई राजनैतिक अर्थमा प्रयुक्त भएको छ । यिनमा राज्यको रक्षाका लागि सेनाहरू देखि लिएर राजनैतिक अधिकार प्राप्तीको लागि ज्यान दिने नागरिकसम्म पर्दछन् । हुनत सेनाहरूको बलिदानी लाई वीरगति प्राप्त गरेको भन्ने शब्द नै प्रचलित छ । र, बलिदान शब्द मूल रूपमा जन अधिकारका लागि ज्यान दिएका नागरिकका लागि प्रयुक्त भएको छ । नेपालमा मधेश प्रदेश सरकारले मधेश प्रदेशको स्थापनादेखि नै माघ ५ गते लाई बलिदानी दिवसको रूपमा समर्पित गर्दै आएको छ ।

भारतमा २३ मार्च लाई बलिदान दिवसको रूपमा मनाइन्छ । २३ मार्च, १९३१को मध्यरातमा अंग्रेज़ी हुकूमतले भारतका तीन सपूत भगतसिंह, सुखदेव र राजगुरुलाई फाँसी दियो । यी तीन जना वीरहरूको बलिदानीलाई श्रद्धांजलि दिन बलिदान दिवस मनाइँदै आएको छ । राष्ट्रपिता महात्मा गान्धीको सम्झनामा पनि बलिदानी दिवस मनाइन्छ । सत्य र अहिंसाका पुजारी महात्मा गान्धीलाई उहाँको पुण्यतिथिमा जनवरी ३० मा बलिदान दिवस मनाएर श्रद्धाञ्जली अर्पण गरिन्छ ।

सहिद नेपालमा देश वा समाजको हितका लागि योगदान पुऱ्याउँदा मृत्यु वरण गरेको मानिसलाई बुझिन्छ । यो शब्द मौलिक रूपमा व्यक्तिको लागि प्रयोग भएको थियो । सुरुमा नेपालमा सहिद भनेर राणा शासनको विरुद्ध आवाज उठाउँदा मृत्यु भएका व्यक्तिहरूलाई बुझिन्थ्यो । पछि नेपाली जनताले पटकपटक गर्दै आएका आन्दोलन र सशस्त्र सङ्घर्षमा बलिदानी दिएका व्यक्ति अमर सहिदको सूचीमा समाहित भएका छन् ।

नेपालमा १७ वर्ष अघि भएको मधेश विद्रोहको सम्झनामा माघ ५ गतेलाई बलिदान दिवस मनाइन्छ । यसै दिन ५ माघ २०६३ मा प्रथम मधेश आन्दोलनको क्रममा सिराहाको लहानमा रमेश महतोले बलिदान दिएका थिए । उक्त आन्दोलन चर्किँदै गई मधेश विद्रोह मा परिणत भएको थियो । उक्त बलिदानीको सम्झनामा मधेश प्रदेश सरकारले बलिदानी दिवसको रुपमा मनाउँदै आएको छ । २०६३ मा तत्कालीन मधेशी जनअधिकार फोरम नेपालका संयोजक उपेन्द्र यादवलगायतका नेताहरुले अन्तरिम संविधानको प्रतिलिपि जलाए र प्रहरीले उनलाई पक्राउ गरेपछि आन्दोलन सुरु भएको थियो । बलिदानी दिवसमा मधेश प्रदेश सरकारले सार्वजनिक बिदा दिँदै आएको छ ।

प्रदेश २ सरकारले शहीद परिवार तथा आन्दोलनका क्रममा घाइते भएकाको हितमा काम गर्ने उद्देश्यले मधेशी शहीद प्रतिष्ठान, २०७८ गठन गर्‍यो । सरकारले मधेश आन्दोलनको क्रममा शहादत प्राप्त गरेका शहीद परिवार, घाइते तथा अपांग भएकाहरुको लागि समाजिक सुरक्षाको प्रबन्ध तथा व्यवस्थापन गर्न भन्दै प्रतिष्ठानको गठन गरेको हो ।

मधेश शहिद प्रतिष्ठान गठन आदेश का लागि बनाइएको ऐनमा मधेशी शहिदको परिभाषा गर्दै ऐनमा नेपाल सरकारबाट शहिद घोषणा भएका व्यक्तिमध्ये सम्वत् २०६३ सालदेखि मधेशको अधिकार प्राप्तिका लागि भएका आन्दोलनमा मारिएका भनी प्रदेश सरकारले तोकेका व्यक्ति सम्झनुपर्छ भनिएको छ ।

मधेशी सहिदलाई परिभाषित गर्न खोजेको यो व्यवस्था त्रुटीपूर्ण छ । यो परिभाषा कानूनी, सैद्धान्तिक, न्यायिक र भावनात्मक सबै किसिमले त्रुटीपूर्ण छ । मधेश प्रदेश सरकारले सहिद भन्ने अर्थमा प्रयोग गर्दै आएको बलिदानी शब्द समाहित नभएको यो परिभाषा आफैंमा अपूरो छ । सहिद वा नेपाल सरकारबाट शहिद घोषणा भएका ब्यक्तिलाई मात्र शहिद मान्ने हो भने यो ऐनको आवश्यकता नै छैन । सहिदको परिभाषा तोक्ने र सहिदप्रति नेपाल सरकारको कुनै दायित्व सिर्जना हुने गर्ने प्रयोजनको नेपाल सरकारको आफ्नो ऐन पनि छैन । कुनै व्यक्तिको कृत्यलाई अर्थात् आत्मोत्सर्गलाई यो उसको सहादत वा बलिदानी हो वा होइन भन्ने कुराको निर्धारण प्राविधिक तरिकाले हुन सक्दैन । यो नितान्त भावनात्मक विषय र विश्वासको कुरा हो । नेपाल सरकार र मधेश सरकारबीचको राजनैतिक सम्बन्धको कसीमा बलिदानी तय हुन सक्दैन । विगतमा मधेश आन्दोलनकारी दलहरुले ६८ जना सहिदको सूची तयार गर्दा नेपाल सरकारले गरेको विस्मृत भएको छैन । आत्मबलिदान व्यक्तिको त्यस्तो भावनात्मक पराकाष्ठा हो, जो परिभाषाको मोहबाट पर हुन्छ, निरपेक्ष हुन्छ ।

आत्मबलिदान मानवीय जीवनको एक त्यस्तो दार्शनिक घटना हो, जसलाई सिद्धान्तको तलमा झार्न सकिदैन । सिद्धान्त र वादको विषय बनाएर यस परिभाषाले बलिदानीमाथि अन्याय गरेको छ, भावनात्मक चोट पुर्याएको छ ।

उपरोक्त परिभाषाले सम्वत् २०६३ सालदेखि मधेशको अधिकार प्राप्तिका लागि भएका आन्दोलनमा मारिएका भनी भन्दै गर्दा के बुझिन्छ? यही बुझिन्छ कि सम्वत् २०६३ अघिको मधेश आन्दोलनमा बलिदान दिएका प्रति मधेश सरकार कर्तव्यच्युत भएको छ । उपरोक्त परिभाषालाई आधार मानेर हेर्दा मधेश सरकार कर्तव्यविमुख छैन भनी भन्न मिल्दैन । २०६३ अघिको मधेश आन्दोलनलाई नकार्न सकिन्न । मधेश आन्दोलनको जग निर्मित संघीयताले अस्तित्व प्रदान गरेको प्रदेश सरकारले २०६३ अघिको मधेश आन्दोलनलाई अस्वीकार गर्ने हो भने स्वतः धराशायी भएर जान्छ । मधेश सरकार २०६३ अघिको बलिदानीप्रति पूर्वाग्रही हुनुपर्ने कारण छैन ।

सम्वत् २०७८ मा यो ऐन बन्दै गर्दा २०६३ देखि २०७४ सम्म स्वीकृत गरी सकिएको मधेश सहिदहरूको नामावलीलाई अनुसूचीमा राख्न सकिन्थ्यो । तर त्यो अनुसूची समावेश नहुँदा ऐन निर्माणमा गम्भीरताको अभाव देखिन्छ भने त्यसअघिका मधेशी सहिदको बलिदानीलाई निषेध गर्नुमा दृष्टिदोष र पूर्वाग्रह प्रतीत हुन्छ ।

मधेश को इतिहास र पहिचान लाई आलोकित गर्ने जिम्मेवारी बोकेको सरकारले मधेश आन्दोलनको अनवरत इतिहासलाई मात्र अनदेखा गरेको छैन अपितु लोकतन्त्र र गणतन्त्र तथा मधेश र सिंगो देशप्रति नै अनुदार देखिएको छ । ज्ञात अज्ञात सहिद प्रति दिनपिच्छै श्रद्धाञ्जलि दिनुको अर्थ बेला र बखतमा बिर्सी दिनु पटक्कै राम्रो होइन । लोकतन्त्र र गणतन्त्र बिना संघीयताको परिकल्पना गर्न सकिदैन । लोकतन्त्र र गणतन्त्रका लागि बलिदानी दिने सहिदप्रति कोही कसरी अनुदार हुन सक्छ ।

हुनत अर्काको भलाइका निम्ति आफ्नो जीवन उत्सर्ग गर्ने अर्थात् आत्मोत्सर्ग गर्ने आत्मबलिदानीलाई कुनै परिभाषाको सीमामा सीमित गर्न सकिदैन ।सहिद प्रति समान किसिमको सोच हुनुपर्छ । माघ ५ लाई बलिदानी दिवस मनाउनेले माघ १६ को सहिद दिवस पनि मनाउनु पर्छ ।

सहिदको निजी वा व्यक्तिगत स्वार्थ हुँदैन । देश र जनताको हितको कार्यमा होमिन्छन् र आफ्नो ज्यान समेत बलिदान गर्नु परे पछि हट्दैनन् । सामाजिक , आर्थिक र राजनीतिक क्रान्ति सहिदको रगत बिना सम्भव हुँदैन । स्वतन्त्रता, प्रजातन्त्र र मुक्ति बलिदानको मूल्यमा प्राप्त हुन्छ । परिवर्तनको अभियानमा लागेर घाइते तथा पीडित भएका व्यक्तिहरू जिउँदा शहीद हुन् । उनीहरूको मूल्यलाई पनि कम गरेर आँकलन गर्नु हुँदैन ।

पछिल्लो समय जोसुकैलाई सहिद घोषणा गर्ने प्रवृति पनि देखा पर्यो । कुनै घटना वा दुर्घटनामा परेकालाई पनि सहिद घोषणा गरिँदा देशका लागि जीवन आहूति दिनेको अपमान भएको छ । सहिद घोषणाका लागि राजनीतिक दलका बीचमा प्रतिस्पर्धा चल्ने गरेको देखिन्छ । नेपाल सरकारले सहिदको परिभाषा स्पष्ट गर्न र सूची तयार पार्न पटक पटक आयोग गठन गरे पनि सफल काम हुनसकेको छैन ।

नेपालको मध्यकालीन इतिहासमा वीरगति प्राप्त गर्नेको मात्र नाम छैन । आ-आफ्ना राष्ट्रियताको रक्षाका लागि बलिदान दिने को पनि नाम छ । तर उनीहरूको सहादतलाई राज्यले स्वीकार गरेको छैन । जनताले गर्दै आएको पहिचान आन्दोलनको गर्भमा सहिदको सम्मान पनि छटपटाइरहेका छन् ।

राणा शासनको खिलाफ बलिदानी दिने सहिदहरुमा गोरखकालीदेखि खरीको बोटसम्म झुण्ड्याइएकाहरू मात्र छैनन् । सप्तरीको हनुमाननगर जेल काण्डका सहिदहरूको नाम पनि जोडिएको देखिनुपर्छ । राणा शासनपछि शाह राजाले गरेको प्रत्यक्ष शासनमा देशभरिका जनताले के कति बलिदानी दिए, त्यसको सही सही लेखाजोखा हुन बाँकी नै छ । खासगरी तराईमा तराई काँग्रेस, मधेश जनक्रान्तिकारी दल, तराई मुक्ति मोर्चाले बेहोरेका बलिदानीको उपेक्षा मधेश सरकारले पनि गरेको छ । राजालाई बम हान्ने देखि ठाउँ ठाउँमा बम पड्काउने सम्ममा सहादत दिने र बेपत्ता पारिएकाहरू जनयुद्धकारी शहिद तथा बेपत्ता पारिएका हरूको छायाँमा पारिएका छन् ।

सहादत वा बलिदानी जे नाम दिए पनि फरक फरक दल वा समुदायका लागि फरक फरक परिभाषा हुन सक्दैन । सही मानेमा भन्ने हो भने सहादत वा बलिदानी नाम वा कृत्य स्वयं परिभाषित छ, यसलाई पुनर्परिभाषित गर्नै पर्दैन, शाश्वत र सार्वभौम परिभाषालाई स्वीकार गरे पुग्छ । आवश्यकता छ भने केबल उदारताको, निष्पक्षताको र निराग्रहताको ।

*(लेखक झा इतिहास, संस्कृति र समसामयिक विषयमा दखल राख्छन् ।)*

# जनता यो व्यवस्थाबाट असन्तुष्ट छैनन्, नेतृत्व र नेताको कार्यशैलीबाट असन्तुष्ट छन्

**० वर्तमान राजनीतिक परिवेशलाई कसरी हेरिरहनुभएको छ ?**

– वर्तमान राजनीतिक परिवेशमा जनता समाजवादी पार्टी नेपालले आफ्नो धारणा स्पष्ट पार्दै आएको छ । जसपाको अस्ति सम्पन्न केन्द्रीय समिति र राजनीतिक समितिको बैठकले पनि केही दृष्टिकोणहरु सार्वजनिक गरेको थियो । हामीले आगामी वर्षको जेठ अन्तिम साता धनुषा जिल्लामा केन्द्रीय महाधिवेशनको पनि घोषणा गरिसकेका छौं । जसपाले मधेशको मुद्दालाई लिएर आजसम्म आफ्नो यात्रा तय गर्दै आएको छ । आजको परिप्रेक्ष्यमा संघीयतामाथि जसरी प्रश्न उठिरहेको छ, त्यसमा जसपा एकदम सजग र गम्भीररुपले हेरिरहेको छ । संघीयता विरोधी गतिविधिलाई जसपाले सशक्तरुपमा प्रतिरोध गर्ने निष्कर्षमा पुगेको छ । साथै, हाम्रो आगामी महाधिवेशनलाई सभ्य, भव्य र उत्साहपूर्वक तरिकाले सम्पन्न गर्ने तयारीमा पनि हामी लागेका छौं ।

**० जसपा अहिले सरकारमा बसेर के गर्दैछ त ?**

– जसपा सत्तारुढ गठबन्धन दलभित्र छ, तर सरकारले गरेको हरेक कामलाई समर्थन गर्ने स्थिति छैन । सत्तामा हुँदा कतिपय कुराहरुको नैतिक जिम्मेवारी लिनुपर्ने अवस्था रहेकोले हाम्रा पार्टीका नेताहरुमाथि चुनौति थपिएको छ । यस्तो बेलामा संयमित रहनुको साथसाथै सशक्त भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । सरकारमा सहभागी भएकोले हामीमाथि निश्चितरुपमा दबाब छ । किनभने हामी जनताको मुद्दा लिएर स्थापित भएकोले मधेशको मुद्दालाई कसरी सम्बोधन गराउने र संघीयताको विषयमा सम्झौता नगर्ने हिसावले सशक्त भएर अगाडि बढिरहेको छ ।

**० यो सरकारले गर्दै आएका विभिन्न नियुक्तिहरु समानुपातिक समावेशिताको विरुद्धमा रहेका छन्, यसबारे जसपाले किन बोल्दैन ?**

– सरकारले गर्दै आएको नियुक्तिहरुप्रति हाम्रो पार्टी सन्तुष्ट छैन । हाम्रा नेताहरुले आफ्ना असन्तुष्टिहरु पोख्दै आउनुभएको छ । हाम्रो केन्द्रीय समितिको बैठकमा पनि यो कुरा उठेको थियो र जसपामा किन चुक्यो भन्ने प्रश्न उठेको थियो । हामीले संघीयता, समावेशिता, पहिचान र अधिकारका मुद्दा लिएर अगाडि आएका छौं, त्यसमा हामी सम्झौता गर्ने पक्षमा छैनौं । सरकारले गर्ने विभिन्न नियुक्तिहरु जसले राज्यका अंगमा सबैको समानुपातिक हिसावले प्रतिनिधित्व हुनुपर्ने हो । हामी सरकारमा भइरहँदा सरकारले गर्ने नियुक्तिहरु असमावेशी हुँदा हाम्रो पार्टी निश्चितरुपमा सन्तुष्ट छैन ।

**० जसपाले मधेश प्रदेश सरकारको नेतृत्व गर्दै आएको छ । जसपा नेतृत्वको सरकारले मधेश प्रदेशमा गर्दै आएको कामहरु कतिको सन्तोषजनक छ ?**

– पक्कै पनि जसपाले सुरुदेखि नै मधेश प्रदेश सरकारको नेतृत्व गर्दै आएको छ । जसपा नेतृत्वको सरकार सामु चुनौति र अवसर दुइटै रहँदै आएको छ । पहिलो कार्यकालमा यो संरचना नै नयाँ थियो, व्यवस्थापन गर्ने विभिन्न चुनौतीहरु थियो । त्यसमा पनि प्रदेशको नामाकरण र राजधानी टुंगो लगाउनुपर्ने जसपा नेतृत्वको सरकारका लागि ठूलो चुनौती थियो । त्यसका बाबजुद पनि पहिचानको आधारमा नाकारण र राजधानी टुंगो लगायो । विभिन्न आरोह-अवरोह पार गर्दै जसपा नेतृत्वको सरकारले काम गर्दै आएको छ । संघीयता विरोधीहरु अथवा शासकवर्गले जसरी पनि मधेश सरकारलाई असफल बनाउने षड्यन्त्रहरु गर्दै आएको छ । काम गर्दै जाँदा केही त्रुटिहरु अवश्य हुन्छन्, त्यसलाई आगामी दिन सच्याउँदै लैजानेमा जसपा प्रतिबद्ध रहेको छ । जनताका अपेक्षाहरु धेरै छन्, तर प्रदेश सरकारसँग त्यो किसिमको अधिकारहरु दिइएको छैन । प्रादेशिक सरकारले संविधानतः पाउनुपर्ने अधिकारहरु संघीय सरकारले अहिलेसम्म दिन सकेको छैन ।

**० मधेश सरकारको कामबाट जनता सन्तुष्ट छन् त ?**

– मान्छेका अपेक्षाहरु पक्कै पनि धेरै छन् । स्थानीय सरकारहरुसँग पनि धेरै अपेक्षाहरु छन् । प्रदेश र स्थानीय सरकारले आलोचनाहरु खेपिरहेका पनि छन् । विशेषगरी मधेश प्रदेश सरकारलाई अलि बढी चुनौतीहरु छन् । किनभने जसले यो संघीयतालाई स्थापित गरेको छ, उससँग जनताको बढी अपेक्षा हुनु पनि स्वाभाविक हो । संघीयता टिकाउनका लागि प्रदेशको भूमिका राम्रोसँग निर्वाह गर्न सक्नुपर्दछ । कहिं न कहीं एउटा शक्ति लागेको छ कि प्रदेश खारेज हुनुपर्छ, ती संघीयता विरोधीहरुले मधेश प्रदेश सरकारलाई असफल बनाउने षड्यन्त्रहरु गरिरहेका छन् । संघीयता विरोधीहरुले प्रदेशको भूमिका सशक्त र प्रभावकारी होस् भन्ने चाहदैनन् । त्यसको प्रभाव पक्कै पनि देखिएको छ । मधेश प्रदेश सरकारको पनि कमी कमजोरीहरु छन्, जुन जनताको स्तरबाट पनि आउँछन् । हामी जस्ता नेता कार्यकर्ताहरु जो ग्रासरुटमा काम गर्छन्, हामीहरु प्रदेश सरकारले गर्ने सकारात्मक कामहरुबारे जनतालाई बुझाउँदै आएका छौं । प्रदेश सरकारले किन राम्रोसँग काम गनृ सकेको छैन भन्ने कुरा जनतालाई बुझाउनपर्ने दायित्व हाम्रो हो । सँगसँगै जहाँ कमी कमजोरी छन्, त्यसलाई सुधार गर्नका लागि हामीले सरकारलाई सल्लाह, सुझाव दिँदै आएका छौं ।

**० संघीयता विरोधीहरु अहिले सलबलाइरहेका छन्, पुनः राजसंस्था ल्याउने आन्दोलन हुने पनि देखिएको छ । यसलाई जसपाले कसरी लिएको छ ?**

– जनताको ठूलो त्याग, तपस्या, बलिदानी र संघर्षबाट अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो व्यवस्थालाई केही तत्वले चुनौती दिने प्रयास गरिरहेका छन् । संघीयता विरोधीहरु सफल हुनेवाला छैनन् । राजसंस्था पुनः फर्किने कुनै सम्भावना छैन । जनताको ठूलो संघर्ष र बलिदानीबाट यो आमूल र ऐतिहासिक परिवर्तन भएको हो । यो व्यवस्था कसैले चाहेर होइन, जनताको संघर्षबाट स्थापित भएको हो । जनताले पुनः गुलामी स्वीकार गर्दैन ।

**० यो व्यवस्था आइसकेपछि दिनप्रति बेरोजगारी, भ्रष्टाचार, हत्या, हिंसा, असुरक्षा लगायतका बेथितिहरु बढ्दै गएको छ भन्ने भाष्य निर्मा भइरहेको छ नि ?**

– यस्तो भाष्य निर्माण गर्न खोजिँदैछ । जनता यो व्यवस्थाबाट असन्तुष्ट छैनन्, नेतृत्व र नेताको कार्यशैलीबाट जनता असन्तुष्ट छन् । किनभने व्यवस्था पनि परिवर्तन भयो तर नेताहरुको कार्यशेली परिवर्तन नभएको भन्ने गुनासाहरु पक्कै पनि छन् । तर, यसको मतलब यो होइन, जनताले यो व्यवस्थालाई नै हटाउन चाहन्छन् । विश्वकै सबभन्दा उत्कृष्ट व्यवस्था भनेको संघीय लोकतान्त्रिक गणतन्त्र हो । यो २१औं शताब्दीमा जनताले गुलामी स्वीकार गर्न सक्दैन । देशको नेतृत्व अब नयाँ सोच, ऊर्जावान युवाहरुले गर्नुपर्छ भन्ने एक किसिमको माहोल अवश्य देखिन्छ । असन्तुष्टि छ भन्दैमा जनताले फालिसकेको व्यवस्थालाई पुनः फर्काउँछ भन्ने छैन । यस्ता कुरा केही सीमित मुट्ठिभरका व्यक्तिले आफ्नो स्वार्थपूर्तिका लागि भ्रम फैलाइरहेका छन् । देश हाँक्ने नेतृत्वले इमान्दारीपूर्वक काम नगरिदिँदा जनतामा एक किसिमको फ्रस्टेशन मात्र देखिएको छ । त्यसको फाइदा केही अतिवादीहरुले उठाउन खोजिरहेका छन् । तर, यो व्यवस्थाबाट पक्कै पनि जनताको विश्वास उठेको छैन । देश हाँक्ने नेतृत्वले आफ्नोा कार्यशैलीलाई सुधार गर्दै जानुपर्छ । अब जनताले सैद्धान्तिक कुराहरु मन पराउँदैनन्, व्यवहारतः जनताको जीवनशैलीमा परिवर्तनको महसुस हुने खालको हुनुपर्छ । अहिलेको प्राविधिक युगमा जनता हरेक कुराबाट सूचित छन् । वितृष्णा पक्कै पनि छ । जनताले काम गरेर देखाउने नेतृत्व खोजिरहेका छन् ।

**० तपाईं पोखरिया नगरपालिकाको उपप्रमुखको रुपमा काम गरिसक्नुभएको छ । तपाईं कस्तो छ ?**

– मैले उपप्रमुखको रुपमा काम गर्दा एकदमै चुनौतीपूर्ण तर रमाइलो रह्यो । किनभने म लामो समयदेखि पत्रकारिता क्षेत्रमा काम गरिरहँदा समाज र राजनीतिसँग जोडिएका विभिन्न मुद्दाहरु उठाउँदै आएको थिएँ । तर, जब म आफै त्यो ठाउँमा पुगें एउटा फरक खालको अनुभव थियो । त्यसमा पनि संघीय गणतन्त्रको पहिलो स्थानीय सरकार । त्यो आफैमा धेरै अवसर पनि थियो, चुनौती पनि थियो र एउटा सिकाइको ठूलो अवसर पनि थियो । मलाई एउटा महिला र युवाको रुपमा जसरी जनताले निर्वाचित गराएका थिएँ, त्यसमा म शतप्रतिशत काम गरेर देखाएँ । खासगरी शिक्षा, किशोर, बालबालिकालाई कसरी सशक्त बनाउने, शिक्षामा हाम्रो योगदान के हुनसक्छ । अबको नेतृत्वले परम्परागत शैलीभन्दा पनि हामीले आफ्नो समाजको मागा, आवश्यकता बमोजिम कसरी आफ्नो प्राथमिकता निर्धारण गर्ने स्थानीय सरकारका लागि ठूलो अवसर हो । मैले उपप्रमुखको हिसावले जुन जिम्मेवारी पाएको थिएँ, त्यसमा कामको धेरै नै दबाब थियो । ती कामहरु गर्दै जाँदा जनतासँग नजिकबाट जोडिने अवसर पनि मिल्यो । ती समस्याहरु सम्बोधन गर्ने अवसर पनि मिल्यो । न्याायिक



**सलमा खातुन**

**केन्द्रीय सदस्य, जनता समाजवादी पार्टी नेपाल**
**पूर्वउपप्रमुख, पोखरिया नगरपालिका, पर्सा**

समितिमार्फत् न्याय दिने ठाउँमा पुगियो । निमुखा जनताकालाई न्याय दिन पाउँदा एउटा गर्वको पनि अनुभूति हुन्थयो । चुनौतीहरु त थुप्रै थियो तर मेरो लागि एउटा फरक अनुभूति पनि थियो । जनतालाई प्रत्यक्षरुपमा सेवा दिन पाउँदा त्यस दौरान आएका चुनौतीहरु जब चिर्न सकियो र केही गरेर देखाउन सकियो त्यसका लागि म सन्तुष्ट छु । मधेशका छोरीहरुले पनि केही गरेर देखाउन सक्छन् भन्ने एउटा उदाहरण पनि बन्यो । मूलरुपमा सिक्न पाइयो । त्यो गर्व लाग्छ ।

**० तपाईंलाई गर्व लाग्ने के-के काम गर्नुभयो त ?**

– मेरो पदीय जिम्मेवारीअनुसार जेजति काम गर्न पाएँ त्यो मेरो लागि गर्व लाग्ने कुरा नै हो । बजेट धेरै चलाउन नपाउँदा मेरा धेरै योजनाहरु कार्यान्वयन गर्न पाइएन । शिक्षा क्षेत्रमा मैले जुन पहलहरु गरें, विशेष छात्रवृत्तिहरु लागू गरें । खासगरी विपन्न वर्गका मेधावी छात्रछात्राहरुका लागि छात्रवृत्तिको व्यवस्था गरे. । त्यसलाई अहिलेका पनि स्थानीय सरकारले निरन्तर जारी राखेको छ । त्यस कार्यको सबैले सराहना पनि गर्दैछन् । त्यसपछि पुस्तकालका लागि मैले कामहरु गरें, विभिन्न खालका पुस्तकहरु उपलब्ध गराएँ । किशोरीहरुलाई महिनाबारी हुँदा चार-पाँच दिन विद्यालय छोड्नुपर्ने बाध्यता थियो, त्यसका लागि विद्यालयहरुमा आरामा गर्ने कोठा उपलब्ध गराएँ । त्यसका लागि मैले जुन पहल गरें, त्यसका लागि गर्व लाग्छ । स्वास्थ्य क्षेत्रमा मैले महिला केन्द्रित योजनाहरु बढी मैले ल्याएँ । मैले ठूल-ठूलाभन्दा पनि स-साना कामहरु जुन जनताको जीवनशैलीलाई छुने काम गर्‍यो । गर्न सक्दै अझ पनि थुप्रै कामहरु थिएँ, तर जति गरें त्यसबाट म पूर्ण सन्तुष्ट छु ।

## मल खरिद, बिक्री एवं वितरण एकद्वार प्रणालीबाट गर्दै कृषि मन्त्रालय

काठमाडौं । नेपाल सरकारले मल खरिद, विक्री एवं वितरण प्रक्रियालाई अझै व्यवस्थित गर्न लागेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानलाई सहजरुपमा मल पाउँने गरी व्यवस्थित गर्न लागेको हो ।

कृषि मन्त्रालयको पूर्ण स्वामित्वमा रहेको कृषि सामाग्री कम्पनी लि.लाई नेपाल सरकारद्धारा अनुदानमा वितरित रसायनिक मलको सम्पूर्ण जिम्मेवारी दिने गरी प्रक्रिया अगाडी बढाउँन लागेको बताइएको छ । हाल रसायनिक मलको खरिद र विक्रीको जिम्मेवारी ७० प्रतिशत कृषि सामाग्री र ३० प्रतिशत साल्ट ट्रेडिङ क.लि.लाई दिदै आएको थियो । तर साल्ट ट्रेडिङको वितरण अपारदर्शी भएको गुनासोहरु कृषि मन्त्रालयमा आउँनु थालेको छ । केही महिना अघि धुलिखेलको साल्ट ट्रेडिङबाट वितरण हुने मलमा अनियमितता भएको मन्त्रालयले रंगोहात पक्राउँ गरेको थियो । साथै देशका बिभिन्न ठाउँहरुमा अनुदानको मल विक्री गर्दा गैर अनुदानको मल जबरजस्ती खरिद गर्न बाध्य बनाएको लगायतका गुनासाहरु मन्त्रालयमा आएकोले मल खरिदको बिक्रीको जिम्मेवारी एकद्धार प्रणाली अपनाई कृषि सामाग्री कम्पनीलाई मन्त्रालयले दिन थालेको स्रोतले जनाएको छ ।

मल खरिदका लागि कृषि मन्त्रालयले २९ अर्बको स्रोत समेत सुनिश्चित गरिसकेको छ । गएको बर्षमा सरकारको सक्रियतामा मलको अभाव नभएको तर वितरणमा समस्या देखिएको मल व्यवसायी संघका अध्यक्ष ईश्वर डलाकोटीले जनाएका छन् ।

## चरित्रहत्या गरेको भन्दै आयोगविरुद्ध कानूनी लडाईं लड्ने प्रभु साहको चेतावनी

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले आफूलाई मानवअधिकारको गम्भीर उल्लंघनकर्ताको सूचिमा राखेकोमा आयोगसमक्ष कुन घट्नामा कहिले र कसको मानवअधिकार उल्लंघन गरेको भनेर सार्वजनिक गर्न चूनौति दिएका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगले मानवअधिकारको उल्लंघन गरेको भनेर सार्वजनिक गरेको सूचिमा आफ्नो नाम समावेश गरेपछि साहले आफ्नो तर्फबाट आज (बिहीबार) एक वक्तव्य जारी गर्दै यस्तो चूनौति दिएका हुन् । उनले जारी गरेको वक्तव्यमा भनिएको छ-‘मलाई मानवअधिकार उल्लंघनको दोषी देखाउने मानवअधिकार आयोगलाई चूनौति दिन चाहन्छु-मैले कुन घट्नामा कहिले र कसको मानवअधिकार उल्लंघन गरेको छु ? घट्नाको सत्य, तथ्य सार्वजनिक गर । यसरी मेरो चरित्र हत्या गर्ने र जनतालाई गुमराहमा राख्नु र बिनाआधार कसैको चरित्र हत्या गर्नु आँफैंमा मावनअधिकारको उल्लंघन हो ।’

मानवअधिकारजस्तो सम्मानित संस्थाको पदमा बसेर पूर्वाग्रह साँध्ने, कुण्ठा पोख्ने र जनतालाई भ्रमित पार्ने कार्य आँफैंमा आपराधिक कार्य भएको साहको टिप्पणी छ । उनले थप भनेका छन्-‘यस कार्यमा संलग्न आयोगका पदाधिकारीहरुले आफ्नो कमजोरी तत्काल नसच्याए आयोगउपर कानूनी लडाईं लड्न बाध्य हुने चेतावनी दिन चाहन्छु ।’

# राष्ट्रिय मुक्ति क्रान्ति

## बहुलराष्ट्रिय राज्य स्थापनाको निम्ति आह्वान

– राजेन्द्र महतो

– बुद्धछिरिङ मोक्तान

६.१ वर्गिय सन्तुलन- के हामीले बनाउने उत्पीडित जाति वा राष्ट्रको पक्षमा लड्ने पार्टीले सामाजिक वर्ग चेतनालाई ध्यानमा राख्न जरुरी हुन्छ? विश्व राष्ट्रिय मुक्ती क्रान्तिको ऐतिहासिक बिकासक्रममा सर्वहारा वर्ग चेतनाको भूमिका कस्तो रह्यो होला? वा उत्पीडित जाति वा राष्ट्रहरुभित्र वर्गिय बिभाजन हुन्छ कि हुन्न? यदी हुन्छ भने उत्पीडित जाति वा राष्ट्रका जनताहरु विचबाट कुन वर्गका जनताहरुले राष्ट्रिय मुक्ती क्रान्तिको निमित्त अग्रदस्त भई काम गर्ने। क्रान्तिको अगुवा शक्ती कुन बर्गको हुने: वुर्जुवा पूंजिपती, निम्न पूँजिबादी वर्ग, दलाल पूँजिपती, नोकरशाही वर्ग जस्तै क्ष९ल्इ० मा कार्यरतहरु। यसरी उत्पीडित जाति वा राष्ट्रका जनताहरु माझबाट नयाँ शक्ती बनाउँदा ती जनताहरु विचको वर्गिय चेतनाको ख्याल नगरि बनाएको पार्टीहरुले कस्तो कार्यदिशा बनाउँछ भन्ने कुरालाई सिधै प्रभाव पार्ने हुँदा हामी सचेत र सजक हुन जरुरी छ। हालसम्म निर्माण भएको क्यप्टिलिष्ट कंग्रेस र कम्युनिष्ट बाहेकका वैकल्पिक शक्तीहरुको हबिगत हेर्दा यो कुराको पुष्टी हुन्छ।

६.२ सचेत तत्व- राजनीतिक क्रान्तिको निमित्त रणनिती र कार्यनिति विचको तालमेल अति जरुरी हुन्छ। रणनिती क्रान्तिकारीहरुको सचेत तत्वसंग सम्बन्धित हुन्छ भने कार्यनिती वस्तुगत अवस्थाहरुसंग संम्बन्धित हुन्छ। रणनितीलाई विचारले ठोस बनाउछ भने कार्यनितिलाई कार्यक्रमहरुले। क्रान्तिकारीहरुमा हुने सचेत तत्व भनेको सही वैचारिक संश्लेशणले दिन्छ र यसले क्रान्तिकारीहरुलाई जस्तोसुकै असहज वस्तुगत परिस्थिती विच पनि लक्ष्यको निमित्त लडिरहन, जुटिरहन, र खटिरहन भित्रैबाट शक्ती, जोश र जांगर दिन्छ। कार्यनितिक असफलता वा कमजोरिहरुलाई सही विश्लेशण गर्ने दृर्षटिकोण पनि दिन्छ। किनकी संपूर्ण कार्यनिती तथा कार्यक्रमहरु सफल नै हुन्छ भन्ने हुँदैन त्यसकारण यदी क्रान्तिकारीहरुको सचेत तत्व बलियो ढंगले बिकास भईसकेको अबस्थामा उनिहरुले आफ्नो कार्यनितिक कमजोरीहरु सहजै पहिल्याउन सक्दछ। विविध घटना, परिघटना, अवस्था, योग, विग्रह, संघर्ष, अन्तर्विरोध, अन्तर्संघर्ष आदिको विश्लेशण मात्रले क्रान्तिकारीहरुमा सचेततत्वको बिकास हुन्न बरु त्यो विश्लेशणको आधारमा गरिने नयाँ संश्लेशणले भने गराउंछ। कमजोर विश्लेशणबाट कमजोर संश्लेशण हुन्छ र कमजोर संश्लेशणले धुमिल सचेतनता मात्र बिकास गराउंछ। धुमिल सचेत तत्वको जगमा उभिएर संसार हेर्दा सत्य गोचर हुँदैन। सत्य प्रश्ट गोचर नभएमा सत्य बोध हुँदैन। सत्य बोध नभएकाहरु आफै मुक्त हुँदैन र आफै मुक्त भई नसकेकाहरुले राष्ट्रिय मुक्ती क्रान्तिको नेत्रित्व गर्न सक्दैन। यदी कथंकदाचित गर्ने जमर्को गरेमा लक्ष्यमा पुग्न सक्दैन। जब लक्ष्य भेदन गर्न सक्दैन निरशा पैदा हुन्छ र आत्मासमर्पण गर्न पुग्दछ। तसर्थ नेत्रित्व लिन चाहना बोक्नेहरुले सर्वप्रथमत: आफुलाई आत्मागत रुपमा अज्ञानताबाट मुक्त गर्नु पर्दछ। त्यसको निमित्त आफु को हो भन्ने पहिचान गरिसक्नु पर्दछ। आफुलाई चिन्न कुनै एक दर्शनको सहारा लिनु पर्दछ। दर्शन ग्रहण गर्न आत्मागत अध्ययन र वस्तुगत भोगाई दुबै चाहिन्छ। त्यसैले त सही नेत्रित्व जन्मनको निमित्त समय लिन्छ। जो कोहीले ईच्छा राख्दैमा नेत्रित्व बिकास गर्न सक्दैन तर नेतागिरी गर्न भने सक्छ। हामीलाई नेत्रित्व चाहिने हो कि नेतागिरी गर्नेहरु चाहिने हो यो अब खुट्टयाउनु आवश्यक भईसकेको छ।

६.३ राष्ट्रिय चेतना- यस परिप्रेक्षमा रूसी सामाजिक लोकतन्त्रबादीहरू बिच देखा परेको रणनितिक भेदहरू र त्यसैको जगमा निर्माण भएका कार्यदिशात्मक अन्तरबारे उल्लेख गर्नु सान्दर्भिक हुन्छ। रूसी सामाजिक लोकतान्त्रिक आन्दोलन वा समाजबादी आन्दोलनमा मुलत: चार खाले प्रवृतिहरू देखियो; पपुलिष्ट (बाकुनिनिष्ट), ईकोनोमिष्ट (ट्रेड युनिनिष्ट), टेररिष्ट र मार्क्सीष्ट (रिभुलुसनिष्ट)। यी चारै धारहरू एउटै आन्दोलन भित्रका फरक फरक प्रवृतिहरू थिए जुन उनीहरू विच रहेको दार्शनिक भेदका कारण उब्जेको थियो। उनीहरू विच मुलत: मजदुर वर्ग चेतना विकासको सापेक्षतामा पार्टी, नेतृत्व र क्रान्तिको कार्यदिशा कस्तो हुने भन्ने बिषयमा ठुलो वैचारिक मतान्तर थियो। जसमा पनि दुई मूल समुहहरू थिए जुन ईतिहासको बुझाई सम्बन्धमा थियो। पहिलो समुह अप्टिमिष्टहरू थिए जो पपुलिष्ट (बाकुनिनिष्ट) र ईकोनोमिष्ट (ट्रेड यूनिनिष्ट) धारमा विभाजित थिए भने दाश्रो समुह पेसिमिष्टहरू थिए जो मार्क्सीष्ट (रिभुलुसनिष्ट) र टेररिष्ट धारमा विभाजित थिए। अप्टीमिष्टहरू कामदारहरूमा सर्वहारा वर्ग चेतना विकास सम्बन्धमा अप्टीमिष्टिक वा आशावादी दृष्टिकोण राख्दथे। उनीहरू कामदारहरूमा सर्वहारा वर्ग चेतनाको स्व-विकास हुने तर्क गर्दथे यसर्थ मजदुरहरूलाई उनीहरूको वर्गिय चेतना उनीहरूदेखि अलग अन्य कुनै माध्यमद्वारा विकास गराउने कुरालाई अप्राकृतिक ठान्थे।

तर, जो ईतिहास र वर्ग चेतना बिकासको सवालमा पेसिमिष्ट धारणा राख्दथे उनिहरुको तर्क थियो कि मानिसहरु सर्वहारा मजदुरहरु समेत प्राकृतिक झुकाउमा समाजवादी हुन्न बरु वुर्जुवा हुन्छ। यसर्थ उनिहरुलाई आफ्नै अवस्थामा छोडि दिने हो भने उनिहरुमा ट्रेड यूनियन चेतना मात्र बिकास हुन्छ र ट्रेड यूनियन चेतना सर्वहारा वर्ग चेतना वा समाजवादी चेतना होइन। ट्रेड यूनियन चेतनाले मजदुरहरुलाई केही सिमित तलबमान बढाउने र कार्यस्थलको भौतिक सुधार गर्ने लक्ष्यसम्मको संघर्षको निमित्त तयार पार्दछ। यदि उनिहरुमा सर्वहारा वर्ग चेतना वा समाजवादी चेतना बिकास हुँदा सिंगो वुर्जुवा राज्य व्यवस्था ध्वंश गर्दै समाजवादी राज्य व्यवस्था स्थापनाको निमित्त संघर्ष गर्दछ। तर, कामदारहरुमा सर्वहारा वर्ग चेतना उनिहरु आफैभित्रबाट आउँदैन अर्थात उनिहरु आफैभित्र समाजवादी चेतना बिकास गर्न सक्ने आन्तरिक गतिशिलता हुँदैन। यसर्थ उनिहरुमा समाजवादी चेतना ल्याउने हो भने उनिहरु आफै भन्दा बाहिर मार्क्सवादी विज्ञानद्वारा ज्ञानोदय (उद्वोधित) शिक्षित वुर्जुवा अग्रदस्तहरुबाट ल्याउनु पर्ने हुन्छ। वर्ग-संघर्षको बेला लागु हुने यो नियम राष्ट्रिय संघर्षको निमित्त पनि उत्तिकै महत्वकासाथ लागु हुन्छ। यहाँ, उत्पीडित राज्यविहिन राष्ट्रका सदस्यहरु पनि प्राकृतिक झुकाउमा समाजवादी तथा राज्यवादी हुन्न बरु उनिहरुमा निम्न-वुर्जुवा झुकाउ हुन्छ। यदि उनिहरुलाई आफ्नै अवस्थामा छोडि दिंदा उनिहरुमा मजदुरहरुमा ट्रेड यूनियन चेतना बिकास भए जस्तै एनजीओ चेतना मात्र बिकास हुन्छ र एनजीओ चेतना राष्ट्रिय चेतना होईन। एनजीओ चेतनामात्रले उनिहरुलाई उत्पिडक राज्यसँग केही किस्तावन्धी सुविधा र आरक्षण प्राप्त गर्नेसम्म संघर्षको निमित्त तयार बनाउँछ। उनिहरु राज्यत्वको दावी गर्दै वर्तमानको एकल राष्ट्रिय राज्यलाई वहुलराष्ट्रिय राज्यमा रुपान्तरण गर्नेसम्मको संघर्ष गर्ने तयार हुँदैन। तर, उत्पीडित राष्ट्रहरुमा पनि राष्ट्रिय चेतना उनिहरु आफै भित्रबाट आउँदन अर्थात उनिहरु आफै भित्र राष्ट्रिय चेतना बिकास हुने आन्तरिक गतिशिलता नहुने हुँदा उनिहरुमा राष्ट्रिय चेतना उनिहरु आफै भन्दा बाहिर स्व-देशवाद (Indigenism) विज्ञानद्वारा ज्ञानोदय (उद्वोधित) शिक्षित वुर्जुवा अग्रदस्ताहरुबाट ल्याउनु पर्ने हुन्छ।

७. अवैधानिक (अवैध सत्ता) र विद्रोहको आधार: मुलुकका प्रमुख दलहरु आफैले निर्माण र अभ्यास गरेका अन्तरिम संविधान विपरित तथा हिमाल, पहाड, मधेशका युगौंदेखीको राष्ट्रिय मुक्ती आन्दोलनहरुसँग गरिएको सन्धी-सम्झौताहरु समेत उल्लंघन गरी संविधान सभाबाट उत्पीडित जाति-वर्गका जनताको आकंक्षा विपरित पुन: सन १८५४ मा जारी मुलुकी ऐनको दोश्रो संष्करण जस्तो एक थान प्रतिगामी संविधान जारी गरी सकेको वर्तमान अवस्थामा एउटा प्रश्न उब्जिएको छ "के अब नेपालमा वास्तविक संवैधानिक तथा कानुनी शासन कायमै छ राज्यको औपनिवेशिक चरित्रलाई वैधता दिने उद्देष्य ज्यादा जनताहरुको लोक्तान्त्रिक अधिकार प्राप्तिको आकंक्षाको सम्वोधन कम रहेको छ। त्यसो भए अब के हुन्छ त? वा हामी नेपाली जनताहरुको यस समय कस्तो भूमिका रहन्छ त? के हामी दलहरुलाई यसरी नै अराजनितिक र असवैधानिक कदमहरु चाल्दै जान छुट दिई रहन सक्छौं? के विधिको शासन पून:स्थापना गर्नु हाम्रो दायित्व होइन? अझ यस बेला मुलुकमा ईतिहासदेखी जारी रहेको संपूर्णखाले उत्पिडनको अन्त्यको निमित्त जनताको अन्तिम बिद्रोहको रुपमा "बहुलराष्ट्रिय विद्रोह" को तयारी गरिरहेका हामी राष्ट्रिय मुक्ती क्रान्तिका योद्धाहरुको भूमिका यस घडीमा कस्तो हुने? के हाम्रो अभियान र संघर्षका कार्यक्रमहरुले मात्र क्रान्ति सम्पन्न हुनसक्छ? के हाम्रो हालसम्मको संघर्षका कार्यक्रमहरु पर्याप्त छ? हाम्रो अभियान-संघर्ष-विद्रोहको योजनाको चार विकल्प-चार तयारी यस घडीमा अतिमहत्वपूर्ण बिषय बनिरहेको छ। हामीलाई आशा छ यस सन्दर्भमा संपूर्ण मुक्तिकामी जनताको पूर्ण सहयोग हुनेछ। चार तयारीको चरण अतिसान्दर्भिक ढंगले भईरहेको छ। विद्रोह चाडै हुनेछ र संपूर्ण उत्पीडित जाति-राष्ट्रका जनताहरुको मुक्ती पनि चाँडै हुनेछ।

८. अबको बाटो के हो?

यही मूल प्रश्न प्रत्यक नेपालीहरुको मस्तिष्कमा घुमिरहेको हुनु पर्दछ। हामीले बुझी सक्यौंकी यहाँका कम्युनिष्ट र काँग्रेस शक्तिहरु आफ्नो मुलुकको बारेमा आफै निर्णय गर्न सक्दैन। उनिहरु जनतामा अन्तर्निहित सार्वभौमसत्ताको प्रतिनिधित्व गर्दै जनता कै निमित्त प्रयोग गर्न असमर्थ देखिएका छन। उनिहरु आफ्नो स्वार्थको निमित्त मुलुकको सार्वभौमसत्तामाथि खतरा उत्पन्न हुने गरी अन्तरराष्ट्रिय भू-राजनितिक दुस्साहसी खेलवाड गर्दै आएका छन। उनीहरु जसले हिजो मुलुकभित्र जनबाद स्थापना गर्ने सबालमा भएंकर तानाशाहसंग समेत संझौताहिन संघर्ष गरी लोकतन्त्र बहाली गर्ने उद्धेश्यमा सदैव अग्रपंतिमा उभिएर संघर्ष गरे तर राष्ट्रियताको सबालमा किन निरिह देखिन्छन? हाम्रो नेपाली राष्ट्रिय मुक्ती क्रान्तिलाई अगाडि लैजाने सबालमा उनिहरु किन जहिले पनि ठुलो लघुताभासबाट ग्रसित रहन्छ र कुनै पनि राष्ट्रघाती निर्णय लिन तत्पर हुन्छ? बाह्य राष्ट्रियताको सबालमा उनिहरु माझ देखा पर्ने निरिहताको कारक पक्ष के हो?

कार्ल मार्क्सले कम्युनिष्ट पार्टीको घोषणा पत्रमा भनेको थियो "हाल पर्यान्त अवस्थित मानव समाजको ईतिहास वर्ग संघर्षको ईतिहास हो।" यो ऐतिहासिक भौतिकबादको मूल संश्लेशण हो। मार्क्स कै भनाइमा समाजमा अन्य खालको संघर्ष वा अन्तर्विरोधहरु पनि हुन्छन तर तिनिहरु सबै अन्तत: वर्ग संघर्ष नै हो। यसर्थ ऐतिहासिक वर्ग संघर्ष मार्फत सर्वहारा वर्गको अधिनायकत्व स्थापित भएसंगै संपूर्ण अन्य गैरवर्गिय अन्तरसंघर्षहरु पनि हल हुन्छ। मार्क्सलेईतिहासको यस्तो संश्लेशण गरीरहेकै समय विश्वभरी राष्ट्रिय मुक्ती आन्दोलनहरु पनि जोडदारका साथ उठिरहेको थियो। सामन्तबादको अन्त्य भईरहेको र वुर्जुवा पूंजिबादको बिकास भईरहेको त्यस ऐतिहासिक कालखण्डमा वुर्जुवा पूँजिपतीहरु र सामन्तबादको अवशेष विचपनि भीषण संघर्ष भईरहेको थियो र संघर्षको केन्द्रविन्दु नयाँ बनिरहेको राज्यसत्तामाथि कसको नियन्त्रण हुने भन्ने नै थियो। सामन्तहरु आफ्नो गुमिरहेको सत्ता कायम नै राख्न चाहन्थे भने भर्खरै उदय भईरहेको वुर्जुवा पूँजिपतिहरु परम्परागत सामन्ती शक्तिको विस्थापन चाहन्थ्यो र सत्तामाथि आफ्नो वर्चस्व कायम गर्न चाहन्थ्यो। तर त्यही बेला समाजका अन्य गैरवर्गिय अन्तर्द्वन्द्वहरु मुलत: जाति, लिङ्ग, रङ्ग, वर्ण, क्षेत्रको आधारमा पनि प्रकट भई नै रहेका थिए। यसरी हेर्दा समाजको अन्तर्विरोधहरु पूर्णरुपेण वहुआयामिक थियो। तर मार्क्स-ऐँगेल्स भने सामाजिक अन्तरसंघर्षहरुको वहुआयामिक्तालाई स्विकार गर्दागर्दै त्यसलाई एकलायामिक ढंगले विश्लेषण र समाधान गर्ने प्रयत्न गरेका थिए। उनिहरुको यो कमजोरिलाई अर्को जर्मन समाजशाश्त्री म्याक्सवैवरले बुझेका

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### मधेश विकास सम्मेलन सम्पन्न

जनकपुरधाम। जनकपुरधाममा मधेश विकास सम्मेलन २०८० सम्पन्न भएको छ। सम्पन्न भएको मधेश विकास सम्मेलन २०८० ले पाँच बुँदाको जनकपुरधाम प्रतिबद्धता पत्र पारित गर्दै सम्पन्न भएको छ। मधेश प्रदेश सभाका अर्थ तथा योजना समितिको आयोजनामा भएको मधेश विकास सम्मेलनले नेपालको संविधानले तय गरेको सङ्घीयताको अवधारणा अनुरुप मधेश प्रदेश सरकारको प्राथमिकताहरूलाई तीनै तहका सरकारबाट पहिचान र कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नका लागि अनुरोध गर्दै प्रदेश तथा स्थानीय तहको क्षमता विकास लक्षित वर्गमा विकासको पहुँच पुर्‍याउन नीतिगत समन्वय र सहकार्य गरिने उल्लेख रहेको छ। यसका साथै दिगो विकासको लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता पुरा गर्नका लागि मधेश प्रदेश सभा, मधेश सरकार तथा मधेश प्रदेशका नीति तथा योजना आयोगले लिएको लक्ष्य तथा नीतिगत विषयहरूको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसङ्घीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सहकार्य समन्वय गरेर काम गर्ने प्रतिबद्धता पत्रमा उल्लेख रहेको छ। प्रतिबद्धताका अन्य बुँदामा प्रदेश नीति तथा योजना आयोगले विकास साझेदारसँग योजना निर्माण, कार्यान्वयन, संयुक्त अनुगम, वार्षिक कार्यप्रगति समीक्षा, विकास साझेदारको डाटाबेस निर्माण गरी विकास साझेदारको विज्ञता अनुरुप नव प्रवर्तन असल अभ्यास, अनुभवलाई मधेश प्रदेशको विकासको नीति कार्यक्रम र बजेटको मूल प्रवाहीकरण गर्ने उल्लेख छ। यसका साथै मधेश प्रदेशमा कार्यरत संयुक्त राष्ट्र संघीय निकाय, द्विपक्षीय निकाय अन्तर्राष्ट्रिय तथा स्थानीय विकास साझेदारहरूलाई प्रदेशको प्राथमिकता र लक्ष्य हाँसिल गर्न जबाफदेही, पारदर्शीताका मापदण्ड पुरा गरी काम गर्न उपयुक्त वातावरण तयार गरिने मधेश विकास सम्मेलनको प्रतिबद्धता पत्रमा उल्लेख रहेको छ। दिगो विकासका लक्ष्य हासिल गर्नका लागि मानवीय, आर्थिक, प्राविधिक र भौतिक श्रोतमा कमी रहेकाले प्रदेश सरकार र विकास साझेदारहरूले थप श्रोतको पहिचान पहुँच र परिचालन गर्ने विकास सम्मेलनले जारी गरेको जनकपुरधाम प्रतिबद्धता पत्रमा उल्लेख रहेको छ।

### न्यायाधीशको शोकमा श्रद्धाञ्जली सभा

राकेश यादव, रौतहट। जिल्ला अदालत गौरको आयोजनामा शोक सभा सम्पन्न भएको छ। रौतहट जिल्ला अदालतबाट बढुवा भएर उच्च अदालत पाटनमा गएका न्यायाधीश मातृका प्रसाद मरासेनीको मंगलबार हृदयघातको कारण भएको निधनप्रति श्रद्धाञ्जली अर्पण गर्न रौतहट जिल्ला अदालत श्रदान्जली सभा आयोजना गरेको थियो। उच्च अदालतका न्यायाधीश स्वर्गीय मरासेनीको तस्बिरमा फुल माला अर्पण गर्दै जिल्ला न्यायाधीश मातृका प्रसाद आचार्यले मरासेनीको अचानक भएको निधनले सम्पूर्ण न्यायपालिका परिवार दुखित भएको बताए। न्याय सम्पादनको शिलशिलामा अदालतमै भएको दुखद निधनले अपुरणीय क्षति भएको बताउँदै न्यायको क्षेत्रमा पुर्याएको उनको योगदान स्मरणीय रहने उल्लेख गरे। अचानक भएको निधनले शोकमा डुबेका परिवारलाइ धैर्यधारण गर्ने क्षमता ईश्वरले प्रदान गरुन भन्ने जिल्ला अदालतका न्यायाधीश आचार्यले कामना गरेका छन्। श्रद्धाञ्जली सभामा जिल्ला न्यायाधीश तेज बहादुर खड्का, केदारनाथ पौडेल, गहेन्द्रराज पन्त, कुमार मास्के, उपसचिव उद्धव ढोड़ारी लगायत शाखा अधिकृत, सुब्बा, नायब सुब्बा, सहितका अदालतमा कार्यरत रहेका कर्मचारीहरुले श्रद्धाञ्जली अर्पण गरेको प्रशासन शाखाका नायव सुब्बा इकरामुल हकले जानकारी दिएका छन्। प्रतिनिधि सभा तथा प्रदेश सभाको शान्तिपूर्ण बातावरणमा निर्वाचन सम्पन्न गराउने भूमिका निर्वाह गरेका न्यायाधीश मरासेनी बढुवा भएपछि २०८० पुष २२ गते रौतहट जिल्ला अदालतबाट उच्च अदालत पाटन काठमाडौँ गएका थिए।

### अध्यादेश तत्काल फिर्ता लिन आग्रह

विराटनगर। कोशी प्रदेश सरकारले जारी गरेको अध्यादेश तत्काल फिर्ता लिन नेकपा एमाले संसदीय दलले आग्रह गरेको छ। प्रदेश सभा सचिवालयमा एमाले संसदीय दलका प्रमुख सचेतक रेवतीरमण भण्डारीले तत्काल अध्यादेश फिर्ता नगरे सरकारविरुद्ध कडा रुपमा प्रस्तुत हुने चेतावनी दिए। कोशी प्रदेश सरकारले माघ ६ गते केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरी विभिन्न सात वटा प्रदेश ऐन संशोधन गरेको थियो। सरकारले निहित उद्देश्य राखेर ऐन संशोधन गरेको र मुख्यमन्त्री स्वेच्छाचारी ढङ्गबाट अघि बढ्न खोजेको भन्दै एमालेले आपत्ति जनाएको हो। आउँदो अधिवेशन सुरु हुनु अगाडि नै अध्यादेश फिर्ता गरिसक्न भन्दै एमालेले सरकारले अटेर गरे विशेष अधिवेशन बोलाउने विकल्पमा जानसक्ने र त्यहाँबाटै अध्यादेश निष्क्रिय बनाउने चेतावनी दिएको हो। प्रदेश सरकारले प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, प्रदेश स्वासथ्य ऐन, प्रदेश वन ऐन, प्रदेश भवन ऐन आदि गरी सात वटा ऐन संशोधन गर्न अध्यादेश जारी गरेको थियो। त्यसमध्ये नेकपा एमालेले प्रदेश सभा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा थप्ने, अस्पताल विकास समितिहरु खारेज गर्ने र प्रदेश लगानी प्राधिकरणको कार्यकारी प्रमुखको पदावधि थप गर्ने गरी भएको संशोधनमा सबैभन्दा धेरै आपत्ति जनाएको हो।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# राष्ट्रिय...

थिए । हुनत कार्ल मार्क्सले "कुनै पनि अन्य जातिलाई शोषण गर्ने एउटा जाति आफै पनि स्वतन्त्र रहन सक्दैन" भनी जातिय स्वतन्त्रताको पक्षमा वकालत गरेका छन तथापी विश्वका मार्क्सबादी कम्यूनिष्टहरुको निमित्त राष्ट्रिय वा जातिय सबाल प्रधान नभै सहायक नै रह्यो । उनिहरुले जनताको राष्ट्रिय मुक्तिको आकांक्षलाई सदैव क्रान्तिमा आवश्यक जनपरिचालन गर्नको निमित्त मात्र उपयोग गरी आयो र उनिहरु सदैव राष्ट्रिय मुक्ती क्रान्तिको स्वतन्त्र अस्तित्व र ताकतलाई निश्तेज पार्न वुर्जुवा पूँजिबादीहरुले जस्तै अनेक अनर्गल लांछना लगाउदै आएका छन ।

आधुनिक विश्वका दुई महान क्रान्तिहरु १. समाजवादी (वर्गिय मुक्ती) क्रान्ति र २. राष्ट्रिय मुक्ती क्रान्तिले मुलत: १९औं र २०औं शताब्दीलाई पूरै आफ्नो प्रभावमा राख्न सफल भयो । फ्रान्सेली राज्य क्रान्ति, बेलायती औधोगिक क्रान्ति, अमेरिकी स्वतन्त्र संग्राम, भारतीय स्वतन्त्र संग्राम, सोभियत समाजवादी क्रान्ति, चिनियाँ जनबादी क्रान्ति लगायत अन्य कयौं क्रान्तिहरु बुर्जुवा लोकतान्त्रिक क्रान्ति र समाजवादी (वर्गिय मुक्ती) क्रान्ति वा राष्ट्रिय मुक्ती क्रान्ति थियो । यि क्रान्तिहरु विश्वमा बिकास भएका साम्राज्यबाद तथा उपनिवेशवाद विरुद्धको क्रान्तिहरु थियो र साथै थियो सामन्तबाद विरुद्धको क्रान्तिहरु । नेपालमा २००७ सालमा भएको क्रान्ति मुलत: सामन्तबाद र (अर्ध)उपनिबेशबाद विरुद्ध थियो । जहाँ नेपाली जनताले आन्तरिक सामन्तबाद र वाह्य (ब्रिटिश-भारत) अर्ध-उपनिबेश विरुद्ध क्रान्ति गरेका थिए । यसर्थ अब राष्ट्रिय मुक्ति क्रान्तिको कार्यभार पुरा गर्न हामी नयाँ संश्लेषणमा जानै पर्छ । यसै पृष्ठभूमीमा हामीले भनेका छौं, "ऐतिहासिक जाति-वर्ग संघर्ष सफल पारौं ।" यहाँ भनिएका "जाति-वर्ग संघर्ष" अबको क्रान्तिको नयाँ संश्लेशण हो र हामीले अब भन्नै पर्छ कि "हाल पर्यान्त अवस्थित मानव समाजको ईतिहास वर्ग संघर्षको ईतिहास मात्र नभई जाति-वर्ग संघर्षको ईतिहास हो ।" यसरी संश्लेषण गरिरहंदा अबको क्रान्ति भनेको राष्ट्रिय मुक्ती क्रान्ति नै हो जसले समग्रमा अन्य उत्पिडनहरुको समेत अन्त्य गर्छ । राष्ट्रिय मुक्तिको सबालमा पनि दुई पक्षहरु अन्तर्निहित हुन्छन १. बाह्य राष्ट्रियता र २. आन्तरिक राष्ट्रियता । बाह्य राष्ट्रियताको सबालमा मुलत: विस्तारबादी तथा साम्राज्यबादी उत्पिडनबाट सिंगो मुलुकलाई मुक्त पार्नु हो भने, आन्तरिक राष्ट्रियताको सबालमा मुलुक भित्रको ऐतिहासिक बहुलराष्ट्रियताहरुको मुक्तिको सबाल हो । अबको क्रान्तिकारीहरुले यही रणनीतीक लक्ष्यहरुलाई दृष्टिगत गर्दै आन्दोलनको कार्यदिशा निर्माण गर्नु आवश्यक छ ।

विश्वका राष्ट्रिय उत्पिडन विरुद्धको आन्दोलनलाई दार्शनिक रुपमा दिशानिर्देश गर्न "बहुलराष्ट्रबाद" एक सशक्त रुपमा आयो जसले लोकतन्त्र र संघियतालाई थप उचाइमा बिकास गऱ्यो । प्रकारन्तरले हाल आएर "बहुलराष्ट्रबाद" लाई थप बिकासित गराउन "स्वदेशबाद" सशक्त रुपमा बिकास भयो र यसले उदारबाद र मार्क्सबादको निमित्त ठुलो चुनौती खडा गऱ्यो । जसरी विश्वका उदारबादीहरुको निमित्त उदारबाद निर्विकल्प थियो र छ साथै मार्क्सबादीहरुलाई मार्क्सबाद निर्विकल्प थियो र छ । त्यसरी नै हामी विश्वका स्वदेशी जनताहरु- जो आधुनिक राज्यहरूको औपनिवेशिताको कारण राज्यविहिन भए र जो औपनिवेशिक राज्यहरुसँग राष्ट्रिय मुक्तीको निमित्त निरन्तर संघर्ष गर्दै आएका छन- हाम्रा निमित्त स्व-देशबाद निर्विकल्प थियो, छ र रहने छ ।

९. चुनौतिहरु:

राष्ट्रिय मुक्ती आन्दोलनले पनि वर्गिय आन्दोलन वा अझ भनौ लोक्तान्त्रिक आन्दोलनले जस्तै चुनौतिहरु बेहोरिरहेको छ । यो एक स्वभाविक कुरा पनि हो किनकी क्रान्तिको जहिले पनि प्रतिपक्षी शक्ती हुन्छ । प्रतिपक्षी शक्तिले क्रान्तिलाई जहिले पनि प्रतिक्रान्तिमा बदल्ने प्रयत्न गर्दछ । तथापी क्रान्तिकारीहरुको सदैव विजय भएको छ र हुनेछ । क्रान्तिको दर्मियान बिभिन्न शक्तिहरु उदय हुन्छ र कैयन अवस्थाहरुमा त क्रान्तिकारी शक्ती र प्रतिक्रान्तिकरी शक्तीविच भेद गर्न गाह्रो हुने परिस्थिती समेत सृजना हुन जान्छ । हाल नेपाली राजनीतिमा धेरै विचार तथा संगठनहरु बेग्रेल्ती देखा परिरहेको छ । बर्षायाममा च्याउ उम्रेसरी निर्वाचन आयोग रुपी खेतबारिमा राजनीतिक पार्टीहरु उम्रिरहेको छ । यो पनि एक स्वभाविक प्रकृया नै हो । किनकी समग्रमा समाजमा आएको परिवर्तनले मनिसहरुको अन्तरदृष्टिगत चेतनामा आफू पनि त्यस किसिमको परिवर्तनको प्रतिफल लिने अभिलाषा उत्पन्न गरिदिन्छ । तर यसखालको संगठनहरुले प्रयास: क्रान्तिको दिशा र गतिलाई सहयोग गर्नुको सट्टा भ्रम सृजना गर्ने गर्दछ । किनकी बिना ठोस कार्यदिशा, कार्ययोजना, विचार, नेत्रित्वको खाली दर्ताको वैधानिक्तामात्र पुरा गरेका संगठनहरुले क्रान्तिको निमित्त आवश्यक पर्ने क्रान्तिकारी पार्टीको आवश्यकता तथा भूमिका पुरा गर्न सक्दैन ।

जनबादी वा लोक्तान्त्रिक क्रान्तिको अर्थ हो जनताको शासन सुनिश्चित गर्नु । नेपालमा ३ पटक भएको जनान्दोलनहरु २००७, २०४७, र २०६२-६३ साल पश्चात बामपन्थी कम्यूनिष्टहरु तथा उदार-दक्षिणपन्थी क्यपिटलिष्ट शक्तिहरुको निमित्त जनबादी वा लोक्तान्त्रिक क्रान्ति सम्पन्न भएको जिकिर गरिँदैछ । यो जिकिर गर्नेहरुमा नेपाली कांग्रेस र नेकपा (एमाले) मात्र नभै नेकपा (माओबादी केन्द्र) समेत उभिएको छ । तर के नेपालमा वास्तवमै जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएकै हो त? यो प्रश्नको उत्तरमा पाइने आ-आफ्नै तर्कभित्र शक्तीहरुको आ-आफ्नै दर्शनिक चिन्तनले निर्देशित भएको हुन्छ । नेपालको मुलत: बामपन्थी कम्यूनिष्ट र उदार- दक्षिणपन्थी काँग्रस धारहरुमा बिभाजित एकै वर्ण (जात) र सांस्कृतिक पहिचान बोकेका राजनीतिक प्राणीहरुको निमित्त त शायद जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएकै हुनुपर्छ तर यहाँका ऐतिहासिक राष्ट्रहरु जो हालपर्यान्त त्यही एकल वर्ण (जात) र सांस्कृतिक दबदबाबाट उत्पीडित छन उनिहरु लगायत अन्य उत्पीडित जाति-वर्ग, क्षेत्र, लिङ्गका जनताहरुको निमित्त हालसम्म भएका जनान्दोलनहरु पश्चात पनि प्रो. माइकल किटिङले दाबी गरे जस्तै जबसम्म लोकतन्त्र पूर्णरुपेण बहुलराष्ट्रिय लोकतन्त्रको रुपमा स्थापित हुन्न जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको मान्न सकिन्न ।

उदारपुँजीवादी तथा मार्क्सवादीहरुले दावी गरे जसरी लोकतन्त्र वा जनबादको अभ्यासका निमित्त राष्ट्र- राज्यहरुको अपरिहार्यता अब रहेन किनकी राष्ट्र-राज्यहरुले उपयोग गरी आएका सार्वभौमसत्ता अब बिभाजित हुन पुग्यो जसको निमित्त विश्वका राष्ट्र-राज्यहरू भित्र समाहित भएका ऐतिहासिक राष्ट्रियताहरुको राजिनितिक पूनःउदयले ठुलो भूमिका खेल्यो । प्रो. कन्चन चन्द्रले भने जस्तै यदी अब लोकतन्त्रले पूनःउदय भएका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्ताको सम्मान गर्दैन भने त्यो लोकतन्त्र र जसमार्फत सार्वभौमसत्ता उपयोग गरिरहेका राष्ट्र-राज्यहरूले दिगोपन प्राप्त गर्न सक्दैन । नेपालको २००७, २०४७, र २०६२-६३ सालको आन्दोलनहरु पश्चात पनि यहाँका ऐतिहासिक राष्ट्रियताहरुको सार्वभौमसत्तालाई सम्मान हुनेसम्मको जनबादी वा लोक्तान्त्रिक क्रान्ति भएको मान्न सकिन्न । हाल भईरहेको बहसहरुमा जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको र अब पूंजिबादी क्रान्ति सम्पन्न गर्दै समाजवाद तर्फ फड्को मार्ने कुरा पूर्णरुपेण छलकपट, धुर्त्याइ, फट्टयांई, बाहेक केही होइन । यो छलकपट, धुर्त्याई, फट्टयांइ भित्र संघिय लोक्तान्त्रिक गणतन्त्र भित्र समेत उपल्लो वर्णकै सम्भ्रान्त नेत्रित्वहरुको हालिमुहाली कायम राख्ने बदिनयत लुकेको कुरा घाम जतिकै छर्लङ्ग छ । यसर्थ यस्तो भ्रमहरुमा नपरी महान राष्ट्रिय मुक्ती क्रान्तिको यात्रामा अडिग रहौं । राष्ट्रिय मुक्ती क्रान्तिको कार्यभार अझै बांकी छ र राष्ट्रिय मुक्ती क्रान्ति सम्पन्न भएसंगै जनबादी वा लोक्तान्त्रिक क्रान्तिको कार्यभार पुरा भएको मान्न सकिन्छ ।

यूरोपको १६ औं शताब्दिको पुनर्जागरण, धर्मसुधार र ज्ञानोदय आन्दोलनहरु पश्चात राष्ट्र-राज्यको अवधारण बिकास भयो । यी आन्दोलनहरुको परिणामस्वरुप विश्वले दुई महत्वपूर्ण राजनीतिक दर्शनहरु प्राप्त गरे: उदारबाद र मार्क्सबाद (हुनत अराजकताबाद पनि आयो) । यी दुई लाइनहरुको आ-आफ्नो पृथक दर्शन, ईतिहास, राजनीतिक-अर्थशास्त्र तथा मानव समाजलाई बिकास गराउन चाहेको अधिक्तम लक्ष्य सहित विश्व राजनीतिमा प्रतिश्पर्धा गरे । दुई शताब्दिको दुश्मनीपूर्ण प्रतिश्पर्धा पश्चात हाल यी दुबै राजनीतिक विचारहरुले एउटै चुनौती बेहोर्नु परेको छ र त्यो चुनौती विश्व स्व-देशवादी (वा राष्ट्रबादी) आन्दोलनले दिएको छ । हुनत विश्वका उत्पीडित प्रथम राष्ट्रहरुको मुक्तिको आकंक्षालाई यी दुबै आन्दोलनले चलाखी पुर्वक उपयोग गरी आए कै हो तर २०औं शताब्दिको मध्यदेखी भने विश्व स्व-देशवादी वा राष्ट्रबादी आन्दोलनले आफै आफ्नो नेत्रित्व लियो । फलत २१औं शताब्दिको प्रमुख राजनीतिक दर्शन "स्व-देशबाद" भयो । नेपाली काँग्रेसको नेता रामचन्द्र पौड्यालले नेपालमा काम्यूनिष्टहरुले राज्य शक्तीको औसत ६०% शक्ती ओगटेकोमा त्यसैलाई नै नेपालको राजनीतिक अस्थिरता र अल्पबिकासको कारण हो भनेको टेलिभिजनमा सुन्न पाईयो । हो साँच्चिनै भन्ने हो भने बिक्रम सम्बत २००७ सालदेखी २०७० सालसम्म आईपुग्दा देशको कथित लोक्तान्त्रिक भन्ने शक्तिहरु खुम्चिएर पुरै कम्यूनिष्टहरुको पिच्छ्लग्गु भएको यथार्थ भएको छ । बिडम्बना त यो छ कि उनिहरु आफ्नो शक्तीको क्षयिकरणको कारक पक्ष केलाउन त्यती बिग्न उत्सुक पनि देखिन्न । यसको पछाडिको मूल कारण के हो त? भन्ने सबालमा ध्यान नदीईरहेको वर्तमान अवस्थामा पून: कम्यूनिष्टहरु नै संस्थापन र विपक्ष शक्तीको केन्द्र विन्दुमा बसेको छ । विगत केही दिनको भनाइहरुलाई हेर्दा त उपेन्द्र यादव र अशोक राई पनि कम्यूनिष्ट लाइनसंग नजिकिन पुगेको प्रतित हुन्छ । यो शक्ती सन्तुलनमा फेरबादल आउन नयाँ शक्ती उदय हुनु अतिआवश्यक छ र त्यो नयाँ शक्ती नयाँ वैचारिक संश्लेशणबाट मात्र जन्मन सक्दछ । अन्यथा जति पनि नयाँ दलहरु खोलिए पनि कम्यूनिष्ट लाइनमा केन्द्रिकित हुने नै हो । यही आजको यथार्थ हो र चुनौती पनि ।

नेपाली कांग्रेसले वि.सं. २०१२ को राष्ट्रिय सम्मेलनबाट प्रजातान्त्रिक समाजवादको सिद्धान्त प्रतिपादन गऱ्यो र पार्टीको निर्देशक सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र र समाजवाद भन्यो । यो पार्टी मूलत: शुरुवातदेखी नै उदार वुर्जुवाहरुको पार्टी बन्यो जसकारणले नेपालको उत्पीडित जाति-वर्गका जनताहरुको निमित्त उनिहरुको मुद्दा तथा भावना बोक्ने पार्टीको आवश्यकता पऱ्यो जसको पूर्ती कम्यूनिष्ट पार्टी(हरु)ले गऱ्यो । नेपाली कांग्रेसका नेताहरु बी.पी.देखी नै एक खालको आधुनिकवादी थिए र छन । उनिहरु मुलत: यूरोपको ज्ञानोदय विचारद्वारा निर्देशित थियो र छ । उनिहरुको राज्य सम्बन्धी अवधारणा समेत त्यही युरोप केन्द्रित विचारमा आधारित थियो र छ । ज्ञानोदयको २ प्रमुख योगदान रहेको छ: १. मानव स्वतन्त्रता र सार्वभौमको स्थापना र २. राज्य सम्बन्धी दैवी अबधारणा अस्विकार गर्नु र राज्य अपरिहार्यता मान्नु । यस हिसाबले हेर्दा उहिलेदेखि र हालसम्म समेत नेपाली कांग्रेसको लक्ष्य यिनै मान्यताहरुको संरक्षण गर्नु रह्यो । यसर्थ पृथ्वीनारायण शाहको आन्तरिक साम्राज्य विस्तार र त्यसको परिणामस्वरुप झन घनिभूत भएको ऐतिहासिक राष्ट्रियताहरु माथिको उत्पिडनलाई यो पार्टीले स्विकार गरेन र पृथ्वीनारायण शाहको नेत्रित्वमा भएको आन्तरिक उपनिबेशिकरणलाई जायज ठहऱ्याउने कोशीस गरी आयो । किनकी कांग्रेस आफ्नै नेत्रित्वमा भएको २००७ सालको क्रान्ति एकखालको वुर्जुवा लोक्तान्त्रिक क्रान्ति थियो जसको मुल धेय राष्ट्रिय राज्य स्थापना गर्नु थियो। तर कांग्रेसको लागि राष्ट्रिय राज्य स्थापना गर्नुका निमित्त भएका राष्ट्रिय मुक्ती क्रान्ति जुन भारतमा पनि जोडका साथ उठिरहेका थिए, त्यो जायज भयो भने त्यही रुपमा नेपालमा आन्तरिक उपनिबेशीकरणबाट मुक्ती पाउन भएको राष्ट्रिय मुक्ती क्रान्ति चाँही स्वीकार्य भएन जुन क्रान्तिको लक्ष्य देशभित्रको राष्ट्रिय राज्यले खडा गरेको आन्तरिक उपनिबेशिकरणबाट उत्पिडनमा पारिएका जाति-राष्ट्रहरुको मुक्ती गर्नु थियो र छ । यो विश्व भरिका ज्ञानोदय आधुनिकवादीहरुको समस्या हो कि उनिहरु प्रथम लहरको विश्व राष्ट्रिय मुक्ती क्रान्तिहरुको परिणामस्वरुप निर्माण भएका राष्ट्रिय राज्य भन्दा भिन्न व्यबस्थाको परिकल्पना गर्न सक्दैन । जबकी विश्व राष्ट्रिय मुक्ती क्रान्तिको दोश्रो तथा तेश्रो लहरमा आइपुग्दा राष्ट्रिय मुक्ती क्रान्तिले विश्व उपनिबेशबादबाट मुक्त भएर निर्माण भएका नयाँ राष्ट्रिय राज्यहरुको कारणले ति राष्ट्र-राज्यहरु भित्रै उत्पिडनमा परेका ऐतिहासिक राष्ट्रियताहरुको मुक्तिको सबाललाई जोडका साथ उठायो । यस बेला भने मूलत: वुर्जुवा लोकतन्त्रले नै सबै सामाजिक राजनितिक अन्तर्विरोधहरु हल गर्छ भन्ने नेपाली कांग्रेस जस्तो पार्टी राष्ट्रिय मुक्ती क्रान्तिको विपक्षमा उभिन पुग्यो । परिणामत: कांग्रेसको विरोधी शक्तीहरु राजतन्त्र र कम्यूनिष्टहरुले भने ऐतिहासिक जातिहरुको मुक्ती आकंक्षालाई उपयोग गरी आयो र कांग्रेसलाई पूरै कमजोर बनायो । झन संबिधान सभाको अबसान पश्चात यस मामलामा कांग्रेस पूरै उनुदार देखियो । यदी कांग्रेस ईतिहासको राजनीतिक बिकासको गतिलाई पकड्न असमर्थ भई रहने हो भने यो पार्टी फगत एक अनुदार झुण्डामा रुपान्तरण हुने निश्चितप्राय: भईसक्यो ।

१०. नयाँ पार्टीहरु खोल्ने विधी

राजधानीको अलिशान पार्टी प्यालेशमा विवाहको प्रिती भोज खाए जसरी भोज खाँदै नयाँ पार्टी घोषणा गर्नु र संपूर्ण उत्पीडित जाति-वर्गका जनताहरुको मुक्ती चाहनु कती सान्दर्भिक होला? के यो ९८०ल्न्इ हरुमा हाम्रो लामो संसर्गबाट बिकास भएको एकखालको निम्नपूँजिबादी संस्कार होइन त? विश्वका पूँजिबादी क्रान्तिहरु र कम्यूनिष्ट क्रान्तिहरुलाई नेत्रित्व दिएको पार्टीहरु र नेत्रित्वहरुको जन्म संघर्षको मैदानमा

*क्रमश:...*

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

### 'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## संक्षिप्त समाचार

### मोतियाबिन्दुको शल्यक्रिया गराउन आर्थिक नगरपालिकाले सहयोग गर्ने

सिरहा । लहान नगरपालिकाले नगरक्षेत्रमा मोतियाबिन्दु भएका करिब एक हजार बिरामीलाई नि:शुल्क शल्यक्रिया गराउन आर्थिक सहयोग गर्ने भएको छ । यसका लागि लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालबीच सम्झौता भएको छ । सम्झौतापत्रमा नगरप्रमुख महेश चौधरी र अस्पताल सञ्चालक समितिका अध्यक्ष रवीन्द्रलाल चौधरीले बुधबार हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार नगरपालिकाको आर्थिक सहयोग र अस्पतालको प्राविधिक सहयोगमा वडावडामा नि:शुल्क आँखा जाँच शिविर सञ्चालन गरिनेछ । शिविरमा मोतियाबिन्दु भएका करिब एक हजार बिरामीलाई नि:शुल्क शल्यक्रिया गरिने लक्ष्य राखिएको छ ।

### सुनचाँदी व्यवसायीहरू पक्राउ

जनकपुरधाम । राजश्व छली गरेको आरोपमा जनकपुरधाममा चारजना सुनचाँदी व्यवसायीहरुलाई प्रहरीले पक्राउ गरेको छ । बलराम ज्वेलर्सका सञ्चालक बलराम साहका साथै अरुण ज्वेलर्सका सञ्चालक अरुण साह र मिर्चैयाका व्यवसायीहरु गरी चार जनालाई प्रहरीले पक्राउ गरेको । चारैजनालाई राजश्व छली गरेको आरोपमा पक्राउ गरेको र उनीहरुलाई अनुसन्धानका लागि पथलैया पठाइएको प्रहरीले जनाएको छ । यता सुनचाँदी व्यवसायीलाई प्रहरीले पक्राउ गरेपछि व्यवसायीहरु सोनारपट्ट बजारमा पसल व्यवसाय बन्द गरेर सडकमा टायर बालेर विरोध प्रदर्शनमा उत्रिका छन् । कारखानाबाट गहना बनाएर पसल लैजाँदै गर्दा प्रहरीले व्यवसायीलाई पक्राउ गरेको र बिल रसिद खोज्दा दिन नसकेपछि पक्राउ गरेर सिधै पथलैया पुऱ्याएको भन्दै उनीहरु बिरोधमा उत्रेका छन् ।

### आफ्नै बुवाको हत्या गर्ने छोरा पक्राउ

सुनसरी । आफ्नै बुवा ७० वर्षीय चिकचिलिया रिसिदेवको कुटपिट गरी हत्या गरेको अभियोगमा एक युवक पक्राउ परेका छन् । ईनरुवा नगरपालिका-८ गणेशपुर रिसिदेव टोल बस्ने २१ वर्षीय चिबु रिसिदेवलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । घरायसी लेनदेनको विषयलाई लिएर चिबुले माघ ११ गते दिउँसो कुटपिट गर्दा गम्भीर घाइते भएका चिकचिलियाको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा सोमबार साँझ मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले चिबुलाई पक्राउ गरेको हो ।

### करेन्ट लागेर मृत्यु

बाँके । डुडुवा गाउँपालिका-१ सन्तलिया बस्ने ३५ वर्षीया सजिदा शेषको करेन्ट लागेर सोमबार बेलुकी मृत्यु भएको छ । आफ्नै घरको आँगनमा रहेको धारोमा नुहाउने क्रममा धारोमा जडान गरिएको मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

### गाँजासहित १ जना पक्राउ

बारा । जितपुर सिमरा उपमहानगरपालिका-७ टेढारोडबाट अवैध लागूऔषध गाँजा करिब ५ किलोसहित मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ बस्तीपुर बस्ने २७ वर्षीय पवन गिरीलाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जितपुरबाट खटिएको प्रहरीले उनलाई उक्त गाँजासहित पक्राउ गरेको हो । साथै प्रहरी टोलीलाई देख्नासाथ १ जना व्यक्तिले झोला छाडी फरार भएपश्चात उक्त झोला जाँच गर्ने क्रममा अवैध लागूऔषध गाँजा करिब ५ किलो फेला पारी प्रहरीले बरामद गरेको छ । प्रहरीले हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### आठ जुवाडे पक्राउ

सर्लाही । प्रहरीले सर्लाहीको हरिवन नगरपालिका-५, घुर्कौलीबाट आठ जना जुवाडेलाई पक्राउ गरेको छ । स्थानीय शियाराम महतोको एक कोठे पक्की घरमा जुवातास खेलिरहेका अवस्थामा आठ जनालाई इलाका प्रहरी कार्यालय हरिवनले नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा हरिवन नगरपालिका ५ का ४५ वर्षीय शियाराम महतो, ३८ वर्षीय मोहन फूँयाल, हरिवन नगरपालिका ६ का ३४ वर्षीय अशोक कुमार राई, ३९ वर्षीय हर्कमान तामाङ, २६ वर्षीय साजनकुमार मोक्तान, ३५ वर्षीय श्रवणकुमार सिंह, हरिवन नगरपालिका ७ पत्थरकोटियाका ५० वर्षीय निर्मलकुमार घिसिङ र लालबन्दी नगरपालिका ७ का ५२ वर्षीय श्रीनारायण साह रहेका छन् । जुवाको खालबाट ३८ हजार ४१० रुपियाँ नगद, आठ थान मोवाइल, एक थान चेक बुक, नौ बुक नखोलेको तास र जुवाडेहरुले खेलिरहेका ३३१ पत्ती तास बरामद भएको हो ।

### कटुवा पेस्तोल बरामद

बारा । सिम्रौनगढ नगरपालिका-६ सतुवाहीस्थित सार्वजनिक पोखरीबाट कटुवा पेस्तोल बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ । पोखरीमा जालबाट माछा मार्ने क्रममा जालमा कटुवा पेस्तोल फेला परेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरीले उक्त बन्दुक बरामद गरेको हो ।

### गाडीको ठक्करबाट बालिकाको मृत्यु

कपिलवस्तु । महाराजगंज नगरपालिका-२ बर्गदास्थित सडकमा हाल नम्बर नखुलेको गाडीको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने नाईम तेली मुसलमानकी छोरी ७ वर्षीया तैहब्बा मुसलमानको बुधबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार गाडी चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट वृद्धको मृत्यु

मोरङ । बुढिगंगा गाउँपालिका-२ टंकीस्थित सडकमा को.३८ प ९९३७ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-३ बाँसबारी बस्ने ७० वर्षीय जय प्रकाश रेग्मीको मंगलबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको विराट मेडिकल कलेज टिचिङ अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ ।



# वीरगंजमा पूर्वराजा ज्ञानेन्द्र शाहको सम्बोधन



उपस्थित महिला तथा सज्जनवृन्द,

तपाईहरूका बीच आफ्ना मनका कुरा भन्न पाउँदा मलाई आज खुशी लागेको छ । हाम्रा तराई फाँटका जनभावना बुझ्ने र यहाँहरूसंग साक्षात्कार हुने यस्तो मौका मिलेकोमा म आयोजक, प्रबन्धक तथा संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

हाम्रो अन्नको भण्डार भनिने तराई मधेशको यो समथर उब्जाउ फाँट - हामी नेपालीका लागि यो भूमिको अर्कै ठूलो मूल्य र महत्व छ । गौरबशाली इतिहास बोकेको, उद्यम इलम उत्पादन ब्यवसाय, बजार र आर्थिक उत्थानको आधार हाम्रो तराई मधेशको छुट्टै पहिचान पौरख र प्रतिष्ठा छ ।

हामी देखिरहेका छौं, भोगिरहेछौ - दुई तीन दशक यता आएर हाम्रो तराई क्षेत्र, हाम्रो यो उर्वर मधेश भूभाग आज उजाड बन्दै गइरहेको छ- यहाँको पोखरी, पानीको श्रोत ट्यूबेल कुवा धारा तथा जल सतह कमजोर बन्दै सुक्खा खडेरी र मरुभूमीकरण तिर गइरहेको छ । यो गम्भिर चिन्ताको कुरा हो ।

मधेशका होनहार उद्यमी युवा जनशक्ति दिनौ विदेश तिर दगुरिरहेका छन । उचित रोजगारी, सीप इलम र अवसर दिन नसक्दा गरीवी बाध्यताका कारण हाम्रो जमीन हाम्रो श्रोत साधन सबै- सुक्दै हाम्रो जनशक्ति पातलिदै गएको छ । यो दुःखको कुरा हो । देश बनाउनु देश बचाउनु निरन्तर आवाज छ इ हामी माथि आहवान पनि छ । म भन्छु हामी हाम्रा पुर्खाको पौरख नभुलौ, हामी यही बसौ, यही आफ्नो जन्मभूमीका लागि मरिमेटी । हाम्रो विकास हाम्रो उत्थान र हाम्रो समस्याको निवारण - हामी आफैबाट हुने हो । अरूले आएर गरिदिने हैन ।

तर दुःखका साथ भन्नुपर्छ, आज हाम्रो देश हिमाल पहाड तराई सबै उजाड बन्दै खोक्रो भएर चरम दुर्भाग्यको अवस्था तिर खस्केको छ । यो अवस्थाको अन्त गर्ने परेको छ । यसका निम्ति अब सोच्ने बेला आयो । देशलाई झन झन - बरबादी तिर नलैजाउँ । त्यसका लागि अब सबैले सोचौं - समिक्षा गरौ । नेपालको यस्तो राम्रो प्रकृति, हाम्रा यतिका प्राकृतिक श्रोत साधन - हाम्रो आफ्नो क्षमता यी सबै कुरा- हाम्रो आफ्नो आर्थिक उन्नतिमा लगाउँ

आफ्नो घर उजाड पारेर अरूको उन्नतिमा आफ्नो श्रम पसिना लगाउने अब बेला गयो । आफ्नो क्षमता, आफ्नै घरद्वार, आफ्नै गाउँबस्ती र आफ्नै बनाउने तिर अब हामी लाग्ने पर्छ । यसैमा हाम्रो देशको उन्नति प्रगति इज्जत प्रतिष्ठा निर्भर हुन्छ । हामी भूगोल र भू बनोटमा बाँडिने हैन, हामी जातजाति धर्म संस्कृतिमा खण्डित हुने हैन, हामी सबैको देश नेपाल, नेपालमा बस्ने हामी सबै नेपाली । त्यसैले विभेदको विखण्डनको, बिग्रहको र निषेधको राजनीति हामी नगरौं । हामी सबैको भलाई यसैमा छ ।

आफ्ना आत्मीय अग्रजहरूलाई गुमाएको पिडादायक अवस्थामा नेपालको राज्यभार ग्रहण गरेर पुग नपुग सात बर्ष राष्ट्रप्रमुखको हैसियतमा मैले आफ्नो दायित्व निर्वाह गरे । तत्कालीन अप्ठेरो परिस्थितिमा पनि देशको थप वर्वादी नहोस् र हाम्रा प्रजातन्त्रका मान्यता राखेर नै मैले काम गरेको हुँ । जेठ,१८,२०५८ मा घटेको विनासकारी घटना जुन हामी र हाम्रो परिवारलाई कहाली लाग्दो र सम्झन मन नपराउने अवस्थालाई राजनीतिक जालझेल गरी धेरै नेपालीको मनमा भ्रमको बादल बनाइ नकारात्मक भावना फैलाएका थियो । हामी र हाम्रो परिवारलाई घातक प्रहारहरू पनि गरेका थिए । सत्य सधैं सत्य हुन्छ । असत्यको विजयी कहिले हुँदैन । हाम्रो माझ प्रत्यक्षदर्शीहरू हुँदा हुँदै अज्ञान्ता र छलले अझ पनि हामी बहकीरहेका छौ । यो अन्यायपूर्ण मात्र होइन दुर्भाग्यपूर्ण पनि हो ।

आफ्नो पुख्यौंली राजदरवारबाट परित्याग गर्दा २०६५ जेष्ठ २८ गते आमसञ्चार माध्यम मार्फत मैले भनेको थिएँ म नेपाल मै बसि मुलुकको बृहत्तर हित र शान्तिका लागि योगदान पुर्याउन चाहन्छु अनि त्यत्तिबेलै मैले भनेको थिएँ " स्वाभिमानी आम नेपालीको समग्र हित होस् भन्ने मेरो हार्दिक कामना छ

हाम्रो राष्ट्रप्रेम र राष्ट्रहितको सदासयता कायम नरहँदा देशमा विषम परिस्थिति बढ्दै जान्छ र त्यस्तो बेथितिबाट आम जनतामा आक्रोस उत्पन्न हुन्छ भन्ने त्यत्तिखेरको आँकलन हो । बितेका १५ बर्ष पछि आज त्यो असन्तोष, चासो, चिन्ता, आक्रोस सर्वत्र छताछुल्ल छ । आफ्नो गरिमापूर्ण राजपाटबाट वियुक्त हुनुपर्दा मैले ब्यक्त गरेका राष्ट्रियता, प्रजातान्त्रिक प्रतिबद्धता तथा देश र जनताको उत्थानमा कृयाशील हुने भावनालाई मैले आज पनि सान्दर्भिक रूपमा सम्झिरहेको छु । त्यसै आसय अनुरूप मैले " चिरकाल प्रर्यन्त्र सुरक्षित रहोस् भनेर आफ्नो श्री पेच राष्ट्रलाई सुम्पिएको थिए ।

हामी देश मै छौ, आज पनि देश मै रहेर हामीले देशको गौरबगाथा गाइरहेका छौं । अहिले पनि देशको सर्वागिण उन्नति होस्, भेदभाव रहित ढंगले सबै देशवासीको विकास हुँदै जावोस् भन्ने नै हाम्रो भावना छ । आफ्नो मौलिकता, आफ्नो अस्तित्व, आफ्नो पहिचान गुमाएर देशलाई विभाजनको खाडलतिर लगेर अनि देशमा सनातन देखि रहि आएको सुमधुर सामाजिक सम्बन्धलाई बिथोलेर देशको भलो हुँदैन, यो कुरामा अहिले पनि हाम्रो अडान कायम छ । त्यसैले हाम्रो राज्य ब्यवस्था, हाम्रो राजनीति, हाम्रो अर्थ व्यवस्था र हाम्रो सामाजिक दुरावस्था सबैको राम्रो मूल्यांकन गरेर सबैको सुधार, सबैको उपकार, सबैको विकास र सबैतिरको निकासको बाटोमा हामी अब लाग्नुपर्छ । यसैमा हाम्रो कल्याण छ ।

सबैमा फेरि एकपटक हाम्रो धन्यवाद

जय नेपाल

वीरगंज

२०८० माघ १३ गते

## नार्कका वैज्ञानिकहरुले गरेका अनुसन्धान फलदायी : कार्यकारी निर्देशक भट्टराई

काठमाडौं । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का कार्यकारी निर्देशक डा. ध्रुबराज भट्टराईले खाद्य तथा पोषण सुरक्षाका लागि नार्कका वैज्ञानिकहरुले गरेका अनुसन्धान फलदायी रहेको बताएका छन् ।

नार्क अन्तर्गतको राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्रले आयोजना गरेको संकटको बेला तरकारीको बजार व्यवस्थापन विषयक एक दिने कार्यशालाको उदघाटन कार्यक्रममा बोल्दै उनले संकट र महामारीको बेला खाद्यसुरक्षा पनि संकटमा पर्ने हुनाले त्यस्तो बेलामा जोखिमबाट जोगिएर गरिने कृषि उत्पादन र व्यवस्थापनले ठूलो महत्व राख्ने बताए ।

अष्ट्रेलियाको एसिआइएआर, यूनिभर्सिटी अफ न्यू इंगल्याण्ड र नार्कको सहकार्यमा सञ्चालित तरकारीको आपूर्ति श्रृंखलामा संकटका कारण उत्पन्न हुने व्यवधान र तिनको न्यूनीकरणका उपायहरुबारे गरिएको अनुसन्धानका मुख्य उपलब्धि सरोकारवालाहरु माझ पुर्याउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा मुख्य अनुसन्धानकर्ता दीपा देवकोटाले कोभिड जस्ता महामारी र अन्य संकटका बेला महिला र पुरुष कृषकहरुमा फरक किसिमले प्रभाव पार्ने बताइन् ।

उनले चितवन र धादिङका २०० भन्दा बढी तरकारी उत्पादकहरुमाझ गरिएको अनुसन्धानको नतिजाले संकटका बेला उत्पादनमा ह्रास र उत्पादनोपरान्तको क्षति उल्लेखनीय रुपमा बढ्ने गरेको बताइन् । यस्तो संकटको बेला उत्पादन सामग्रीको अभाव हुने र महिला कृषकलाई संकटको बोझ बढी हुने गरेको पाइएको समेत उनले बताइन् ।

यस्ता व्यवधानबाट हुने नोक्सानी न्यूनीकरण गर्न प्रांगारिक मलखादको उपयोग, वीउवृद्धिका कार्यक्रमहरु, उत्पादनोपरान्तका प्रविधिको अवलम्बन, सामुहिक बजारीकरण जस्ता उपाय समेत सुझाइएको उनले बताइन् ।

कार्यक्रममा प्रस्तुति दिंदै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको तर्फबाट सुनिता पाण्डेले कोभिड महामारीको बेला अनलाइन मार्केटिंगको अवधारणा प्रभावकारी रहेको र संकटमोचनका उपायहरु वृहत भन्दा स्थानीय र सानो तहमा बढी प्रभावकारी भएको बताइन् ।

मूल्यश्रृंखला विकास परियोजनाको तर्फबाट शिवसुन्दर श्रेष्ठले संकट व्यवस्थापनमा स्थानीय सरकारको दायित्व प्रष्ट देखिएको बताए ।  उनले मूल्य श्रृंखला विकास परियोजनाको कार्यान्वयन पनि कोभिडको संकट उच्च रहेको बेलामा भएको तर नार्कका वैज्ञानिकहरुले उत्पादनोपरान्तका उपयुक्त प्रविधि विकासमा उल्लेखनीय योगदान गरेकाले ती प्रविधिहरु आउँदा संकटमा पनि काम लाग्ने बताए ।

सभापतिको मन्तव्य राख्दै राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्रका प्रमुख डा. कृष्णप्रसाद तिमसिनाले परियोजनाले संकटका बेला तरकारी व्यवस्थापनका धेरै महत्वपूर्ण पक्षहरु उजागर गरेको र समाधानका उपाय पनि सुझाएको हुँदा ती सझावलाई नीतिगत तहमा लागू गर्न सके किसानका लागि र उपभोक्ताका लागि फलदायी हुने बताए ।

राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा. कालिकाप्रसाद उपाध्यायले संकट जुनसुकै बेला पनि आउनसक्ने हुनाले नेपालको कृषिमा जोखिम उत्पन्न हुन नदिन यस्ता किसिमका अनुसन्धान र तिनका प्रतिफलहरु उपयोगी हुने बताए ।

प्राविधिक सत्रका सञ्चालक नार्कका बाली तथा वागवानी अनुसन्धान निर्देशक डा. टिकाबहादुर कार्कीले कार्यक्रमका प्रस्तुतिहरुले संकटमा तरकारीको आपूर्ति शृङ्खलामा आइपर्ने व्यवधान निवारण गर्न नीतिगत सुझाव दिएको र परियोजनाबाट प्राप्त उपलब्धिहरुलाई अँझै व्यापक रुपमा सरोकारवालाहरु समक्ष पुरयाउनुपर्ने खाँचो रहेको बताए । कार्यक्रममा नार्कका योजना तथा समन्यव निर्देशक डा. लुमानिधि पाण्डे, विभिन्न अनुसन्धान केन्द्रका प्रमुखहरु, वैज्ञानिकहरु तथा कृषि प्रसारकर्ताहरूको सहभागिता थियो ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# मिडिया काउन्सिल विधेयकप्रति समाजवादी प्रेस संगठनको आपत्ति

काठाडौं । आम सञ्चार क्षेत्रमा आएको परिवर्तनसँगै देखिएका चुनौति सम्बोधन गर्न भनेर ल्याउन लागिएको मिडिया काउन्सिल विधेयकका विषयमा गम्भीर प्रश्नहरु उठेका छन् ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालको प्रेस काउन्सिल ऐन, २०४८ लाई विस्थापन गर्न मस्यौदा गरेको मिडिया काउन्सिल विधेयकले देशभरका पत्रपत्रिकासहितका सञ्चारमाध्यमले पाउने लोककल्याणकारी विज्ञापनबारे मौन बसेको छ । अन्य सञ्चार विधेयकका मस्यौदामा समेत त्यसबारे प्रष्ट व्यवस्था नगरिएकोमा समाजवादी प्रेस संगठन नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।
समाजवादी प्रेस संगठनका अध्यक्ष विश्वमणि सुवेदीले एक विज्ञप्ति जारी गरी भनेका छन्, 'सरकारले कुनै पनि बहानामा हाल सञ्चारमाध्यमले पाउँदै आएको लोककल्याणकारी विज्ञापन र त्यसबापतको रकम खारेज गर्न हुँदैन । प्रेस काउन्सिल ऐन विस्थापन गर्ने नाममा पत्रपत्रिकाले राज्यबाट पाउँदै आएको रकम सुविधा खोस्न लागिएको भनी हालै सञ्चारमाध्यमबाट सार्वजनिक भएका छन् । पत्रपत्रिका, रेडियो, टेलिभिजनलाई मात्र होइन, त्यस्तो सुविधा अनलाइन सञ्चारमाध्यमले समेत पाउनुपर्छ भन्ने हाम्रो संगठनको प्रष्ट मान्यता छ । विज्ञापन बजार फितलो भई मिडिया संकटमा परेको बेला राज्यले अपनत्व लिई सञ्चारमाध्मलाई अनुदान बढाउनुपर्नेमा कानुन ल्याएर भइरहेकै सुविधा पनि खोस्न खोज्नु गलत र मूर्खतापूर्ण निर्णय हुनेछ । प्रेस काउन्सिलमा रहेको पत्रपत्रिका वितरण संपरीक्षण समितिलाई सबै सञ्चारमाध्यम समेट्ने गरी संशोधन गर्नुपर्छ । र, हाल सञ्चारमाध्यमले पाउँदै आएको लोककल्याणकारी विज्ञापनबापतको रकमलाई दोब्बर बढाउनुपर्छ भन्ने हाम्रो माग छ ।'
नेपाली सञ्चार माध्यम र सांसदहरुको सुझाव समेतलाई वेवास्ता गर्दै हतार हतार सञ्चार मन्त्रालयले मिडिया काउन्सिल, आमसञ्चार, सामाजिक सञ्जालसम्बन्धी विधेयक ल्याउन खोज्नु प्रेस र अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार हो । त्यसमाथि हाल भइरहेको कानुनी संरचना र त्यसका आधारमा पाइरहेको सुविधा खोस्न प्रेस काउन्सिल ऐन नै खारेज गर्न खोज्नु आपत्तिजनक रहेको संगठनको ठहर छ । 'पत्रकारिता क्षेत्रलाई थप जिम्मेवार बनाउँदै सरकार र प्रेसबीचको बलियो पुल हुने खालको काउन्सिल हुनुपर्ने हाम्रो मान्यता हो ।' विज्ञप्तिमा भनिएको छ । यस विपरित सरकारै हावी हुने खालको मिडिया काउन्सिल विधेयक कुनै हालतमा स्वीकार्य हुने छैन ।
विश्वव्यापी मान्यताविपरित ल्याउन खोजिएको यो विधेयकले नेपाल विश्व मै स्वतन्त्र प्रेसविरोधी देशको रुपमा चिनिने खतरा हुन्छ । यही मिडिया काउन्सिल विधेयकलाई लिएर डाबोस सम्मेलनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई अन्तर्राष्ट्रिय जगतमै प्रश्न उठाइएको स्मरणीय छ ।
सुवेदीले भनेका छन्, 'त्यसैले अहिले भइरहेको स्वतन्त्रता, स्वायत्तता र पाइरहेको सुविधालाई निश्चित गर्ने कानुनी आधार र संरचनाबिना यो विधेयकलाई अघि नबढाउन हाम्रो संगठन सरकारसमक्ष जोडदार माग गर्दछ । स्वतन्त्र सञ्चारकर्मको घाँटी थिच्ने प्रावधानसहित कुनै पनि विधेयक अघि बढाइए नेपाली मिडिया आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी समेत दिन चाहान्छौं ।'

## जसपासम्बद्ध समाजवादी युवा संघ बागमती प्रदेश समिति पुनर्गठन



काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालनिकट समाजवादी युवा संघको बागमती प्रदेश समिति पुनर्गठन भएको छ । ललितपुरको थसी व्याङ्क्वेटमा शनिबार आयोजित भेलाले राजकिशोर महर्जनको अध्यक्षतामा ३१ सदस्यीय समिति पुनर्गठन गरेको हो । समितिको उपाध्यक्षमा उमा ताम्राकार, मैया काफ्ले क्लाउद्दीन अन्सारी मुख्यसचिवमा डेनी शेर्पा सचिवमा विनय तामा र विजेश प्रजापती चयन भएका छन् । पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्य राजेन्द्रप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा युवा, विद्यार्थी तथा खेलकुद विभाग प्रमुख रमेशबाबु श्रेष्ठ, राजनीतिक समिति सदस्य न्हुच्छेलाल महर्जनलगायत उपस्थित रहेका थिए ।

## जसपासम्बद्ध नेपाली समाज कतारको तेस्रो अधिवेशन सकियो



काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालसम्बद्ध प्रवास सङ्गठन नेपाली समाज कतारको तेस्रो अधिवेशन सम्पन्न भएको छ । कतारको ग्राण्ड मल्लस्थित लालीगुराँस रेष्टुरेन्टको सभाहलमा आयोजित भेलाले मनिष यादवको नेतृत्वमा २५ सदस्यीय समिति निर्वाचित गरेको हो । समितिको उपाध्यक्षमा नवाङ्ग फुरी शेर्पा, सरोज यादव, देवी मगर महासचिवमा पञ्कज राई, सचिवमा ई. विजय यादव, कोषाध्यक्ष जय प्रकाश यादव सहकोषाध्यक्षमा अर्जुन यादव र संस्थाको प्रेस संयोजकमा रामएकवाल राम निर्वाचित भएका छन् । जसपाले प्रवासमा रहेका नेपालीहरुलाई आवद्ध गर्न प्रवास विशेष प्रदेश समितिको संरचना बनाएको छ । जसअनुसार १८ मुलुकमा पार्टीको प्रवास सङ्गठन रहेको छ ।




## आइएमई पे सम्मानित



काठमाडौं । नेपालको पहिलो डिजिटल वालेट "आइएमई पे" प्रतिष्ठित "एच आरएम नेपाल कर्पोरेट एक्सिलेन्स अवार्ड" बाट सम्मानित भएको छ । कर्पोरेट क्लब नेपालले प्रदान गर्दै आएको अवार्ड अन्तर्गत फिनटेक समूह मध्येबाट 'आइएमई पे' कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित भएको हो ।
आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले यस अवार्डलाई फिनटेक क्षेत्रमा नबप्रबर्तन , नेतृत्वदायी जनशक्ति ब्यवस्थापन , सहज ग्राहक सेवा , वित्तीय समावेशीता तथा साक्षरताको उत्थानमा गतिशील रहने कम्पनीको प्रतिबद्धता प्रतिको सम्मानको रुपमा लिएको बताउनु भयो
कर्पोरेट क्लब नेपालले स्वतन्त्र निर्णायक मण्डल मार्फत मुल्याकंन गराइ नेपालको कर्पोरेट क्षेत्रका विभिन्न विधाहरूमा अवार्ड प्रदान गर्दै आइरहेको छ ।

## जिल्ला समाचार

### अस्पताललाई अक्सिजन प्लान्ट हस्तान्तरण

धनगढी । गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सेती प्रादेशिक अस्पताललाई १ करोड २५ लाख रुपैयाँको अक्सिजन प्लान्ट हस्तान्तरण गरेको छ । बिहीबार धनगढीमा आयोजित एक कार्यक्रममा एनआरएनए अध्यक्ष डा. बद्री केसीले अस्पतालका अध्यक्ष नरबहादुर शाहलाई अक्सिजन प्लान्ट हस्तान्तरण गर्नुभएको हो । प्लान्टको उद्घाटन गर्दै शुदुरपश्चिम प्रदेशका सामाजिक विकास मन्त्री झपटबहादुर साउदले अक्सिजन प्लान्ट स्थापना गरेर एनआएरएनएले सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले सुदूरपश्चिमको स्वास्थ्यलाई सेती प्रादेशिक अस्पतालले थेगेको समेत बताउनुभयो । मन्त्री साउदले प्रदेशको बेरोजगारी र गरिबी अन्त्यका लागि सुदूरपश्चिममा केही परियोजना सञ्चालन गर्न एनआरएनएलाई आग्रह गर्नुभएको छ । उहाँले सुदूरपश्चिममा जनशक्तिको अभाव नरहेको उल्लेख गर्नुहुँदै बेरोजगारी समस्याका कारण प्रदेशको श्रम भारत पलायन भइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो । कार्यक्रममा अध्यक्ष डा. केसीले कोरोना महामारीको बेला गैरआवासीय नेपाली संघले विदेशमा र नेपालमा रहेका नेपालीहरुलाई ठूलो सहयोग पुर्याएको स्मरण गर्नुभयो । डा. केसीले आफ्नो गाँस काटेर विदेशमा बस्ने नेपालीहरुले देशमा प्राकृतिक प्रकोप, भूकम्प वा कोरोनामा महामारीमा सहयोग गर्दै आएको बताउनु भयो । उहाँले सम्पूर्णदाताहरुलाई संघको तर्फ धन्यवाद व्यक्त गर्नुभयो ।

### हरेक राजनीतिक नेतृत्वले आध्यात्मिक शिक्षा लिनुपर्छ : सांसद भगबती चौधरी

सुनसरी । पछिल्लो समय समाज एकले अर्कालाई पछारेर कसरी अगाडी बढ्ने प्रतिष्पर्धामा उत्रिनु दुखःद भएको बताउँदै राजनीतिक नेतृत्वले आध्यात्मिक शिक्षा लिँदै समुन्नत समाज निर्माणमा काम गर्नु जरुरी रहेको बताएकी छन् । धार्मिकताको आडमा एकले अर्कोलाई जित्ने तवरले अगाडी बढ्नु भन्दापनि सामाजिक, सहिष्णुता कायम गर्न राजनीतिक नेतृत्वमा आध्यात्मिक शिक्षा जरुरी रहेको बताइन् । गृहजिल्ला सुनसरीको दुहबी नगरपालिका वडा नम्बर आठमा सन्त कवीर गुरु रविदास आश्रमको शिलान्यास गर्दै चौधरीले विश्व नै धार्मिक आस्था लिएर एकले अर्कोलाई तहसनहत गर्न उद्यत हुँदा साम्प्रदायिकता फैलन सक्ने भएकोले यस्ता तिक्तता हटाउन हरेक नेतृत्वमा आध्यात्मिक चेतना हुनुपर्ने बताइन् । 'दुषित समाज र होडबाजीको समाजलाई ठिक ठाउँमा ल्याउन, धार्मिक सम्प्रदायिकता निम्तन नदिन सबैको आस्थाप्रति सम्मान गर्दै राजनीतिक नेतृत्वले आध्यात्मिक शिक्षा लिनुपर्छ ।' आध्यात्मिक शिक्षा लिए सत्य बोल्न प्रेरित गर्ने भन्दै चौधरीले भनिन् । हरेक टोल र क्षेत्रमा आध्यात्मिक सत्संघ, मन्दिर, आध्यात्मिक स्कुलहरु जरुरी रहेको भन्दै त्यसले मानवभित्र सदमार्गमा चल्न प्रेरणा दिने बताइन् । आजका धेरै विकसित देशहरु पनि धार्मिक संगठनबाट अगाडी बढ्दै राजनीतिक रुपमा उदाएको चर्चा गर्दै चौधरीले समाज, देशलाई सकारात्मक बनाउन धार्मिक गुरुहरुले पनि भूमिका खेल्नुपर्ने बताइन् । धार्मिकताका आधारमा मानिसको जीवन र स्वास्थ्यसँग धार्मिक नेतृत्वहरुले खेलवाड गर्ने गरेकोमा त्यस्तो नगर्न सुझाउँदै बरु समाजमा रहेको विक्रिति, विसंगति विरुद्ध चेतना प्रवाहमा लाग्न अनुरोध गरिन् । आध्यात्मिक सँगसँगै बैज्ञानिक विषयलाई पनि सँगसँगै अगाडी बढाए समाज सुधार्न टेवा पुग्ने बताइन् ।

### 'खेलकुद र शिक्षाको विकासका लागि प्रतिबद्ध छौं'

महोत्तरी । मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मंडलले खेलकुद र शिक्षाको विकासका लागि पालिका कटिबद्ध रहेको कुरा बताएका छन् । मटिहानी नगरपालिकाको मटिहानी रंगशालामा बिहीबारदेखि सुरु भएको अन्तर बिद्यालय स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलकुदले विद्यार्थीको आत्मबल बढाउनुको साथै देशका लागि कर्णधार युवा तयार गर्न सहयोग पुग्ने बताएका हुन् । नगर प्रमुख मण्डलको सभापतित्वमा सम्पन्न कार्यक्रममा वड़ा नं.२ का वड़ा अध्यक्ष मो. रयूप, लो.स.पा. नेपालको केन्द्रीय सदस्य राम कुमार मण्डल, रा.स.मा.वि. मटिहानीका प्र.अ. ईश्वरी पौडेल, राम मा.बी. मटिहानीका प्र.अ. श्रीश कुमार मिश्र लगायतका वक्ताहरुले आफ्नो मंतव्य राखे । दुई दिनसम्म चल्ने प्रतियोगितामा पालिकाका ५(पाँच) वटा माध्यमिक विद्यालय सहभागी रहेका छन् । त्यसै क्रममा बोल्दै मटिहानीस्थित श्री राम मा.वि.को कक्षा ११ मा अध्ययनरत हिना खातुनले पालिकाले प्रत्येक वर्ष आयोजना गर्दै आई रहेको यो राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताले हामीहरुको शारिरिक तन्दुरुस्ती र आत्मबल बढाउनुका साथै हामी सबै विद्यार्थीहरुको विचमा आपसी मेलमिलाप समेत बढदा खुशी ब्यक्त गरेका हुन् । प्रतियोगितामा भलीबाल, कब्बडी, दौड़, हाइ जम्प लॉन्ग जम्प गरी जम्मा २३ किसिमको खेल खेलाइने कुराको जानकारी शिक्षा शाखा प्रमुख चन्देश्वर साहले बताए । उक्त उद्घाटन कार्यक्रममा मटिहानी नगरपालिकाका क्रमशः वड़ा नं. २,३,६,७ र ८ का वड़ा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वड़ा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, पालिकाका सम्पूर्ण शाखा प्रमुखहरू, वड़ा सचिवहरु, विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरु, सशस्त्र प्रहरी मटिहानीका प्रमुख, मटिहानी प्रहरी चौकी प्रमुख, विभिन्न विद्यालयका प्र.अ.हरू, शिक्षक शिक्षिका लगायत विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

### रौतहटमा सवारी दुर्घटनामा २६ को मृत्यु, ४५६ घाइते

राकेश यादव, रौतहट । प्रहरी कार्यालय रौतहटले चालू आर्थिक वर्षको ६ महिनाको कार्य प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । आर्थिक २०८०/२०८१ को श्रावण महिनादेखि पौष महिनासम्ममा प्रहरीले गरेको कार्यको प्रगति विवरण सार्वजनिक गरेको हो । जिल्ला प्रहरी कार्यालय रौतहटले २,९५,३१,३३१ दुई करोड पन्चान्बे लाख एकतीस हजार तीन सय एकतीस रुपैयाँ बराबरको भन्सार छली चोरी जनकासी/पैठारी गरेको सवारी साधन तथा विभिन्न सामानहरु बरामद गरी भन्सार कार्यालयमा बुझाइएको छ । रौतहट जिल्ला अदालतको फैसला कार्यान्वयनको क्रममा २६९ जना फरार प्रतिबादी पक्राउ गरी ४४ वर्ष २ महिना १५ दिन कैद अवधिको साथै १२ लाख ४५ हजार ७ सय १२ रुपैयाँ जरिवाना असल ऊपर गरिएको कार्य प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ । नकली नोट सम्बन्धी ४ वटा मुद्दा दर्ता गर्नुको साथै ९ जना पक्राउ गरी १८ लाख ७० हजार ४ सय, ऑनलाइन स्क्याम सम्वन्धी १ वटा मुदा दर्ता ३ जना पक्राउ गरी २४ लाख ३७ हजार ६८५ रुपैया ५७ पैसा फिरौती रकम माग अभियोगमा १ वटा मुद्दा दर्ता गरी १ जना पक्राउ गरिएको छ ।
५०८ वटा अपराध मुद्दा दर्ता भएकोमा २९० मुद्दा फरछौट भएको र २१८ मा अनुसन्धान कार्य जरिरहेको र मानिस पक्राउ संख्या ३४३ रहेको उल्लेख गरिएको छ । कार्य प्रगति प्रतिबेदनमा कर्त्वय ज्यान सम्वन्धी ९ वटा मुद्दा दर्ता भएकोमा ४ वटा फरछौट भई ५ वटा मुद्दामा अनुसन्धान भैरहेको र ९ जना पक्राउ परेको ,महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी ३९ वटा मुद्दा दर्ता भएकोमा २७ वटा फरछौट भई १२ वटा अनुसन्धानको क्रममा रहेको जनाएको छ ।
सवारी ज्यान सम्वन्धी २४ वटा मुद्दा दर्ता भएकोमा १८ वटा फरछौट भएको र ६ वटा अनुसन्धानको क्रममा रहेको छ । ११ वटा लागु औषध सम्वन्धी मुद्दा दर्ता भएकोमा ९ वटा फरछौट भएको २ वटा अनुसन्धानमा रहेको १५ जना पक्राउ परेको , विधुतीय कारोबार साइबर अपराध सम्वन्धी ५ वटा मुद्दा दर्ता भई ५ वटा फरछौट भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले जनाएको छ । चोरी तथा डाका सम्वन्धी ३४ वटा मुद्दा ५० जना पक्राउ परेको र ३३ वटा फरछौट भई १ वटा मुद्दामा अनुसन्धान भैरहेको छ । सवारी नियम उलंघन गरेको आरोपमा १० हजार ७०१ सवारी साधनको चालक माथि कार्यवाही गरी ८५ लाख १७ हजार ५ सय रुपिया राजश्व असुली गरिएको प्रगति प्रतिबेदनमा उल्लेख गरिएको छ । ३१२ वटा भएको सवारी दुर्घटनामा परी २६ जनाको मृत्यु हुनुको साथै ४५६ जना घाइते भएको बिवरण सार्वजनिक गरिएको छ । जिल्ला प्रहरी कार्यालयले २ पटक सार्वजनिक सुनवाई कार्यक्रम , ६ पटक अल्पसंख्यक संग प्रहरी कार्यक्रम ,३५७ वटा समुदाय प्रहरी कार्यक्रम अंतर्गत विभिन्न सचेतनामूलक गतिविधि तथा ९१९ वटा ट्राफिक सचेतना मूलक कार्यक्रम आयोजना गरिएको तथयक सार्वजनिक गरिएको छ ।

# भारतको गणतन्त्र दिवसमा विभिन्न संघसंस्थालाई उपहार प्रदान






काठमाडौं। काठमाडौंस्थित भारतीय राजदूतावासले भारतको ७५ औं गणतन्त्र दिवस मनाएको छ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै गणतन्त्रको दिवसको अवसरमा आयोजित कार्यक्रमको शुभारम्भ भएको थियो। सो अवसरमा उनले नेपालमा रहेका भारतीय डायस्पोराका सदस्यहरुलाई पनि शुभकामना व्यक्त गरे।

तत्पश्चात कार्यक्रममा भारतका राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले राष्ट्रका नाममा गरेको सम्बोधन भिडियोमार्फत प्रस्तुत गरिएको थियो।

भारतका राष्ट्रपतिले आफ्नो सन्देशमा गत स्वतन्त्रता दिवस यता विभिन्न क्षेत्रमा भारतले हासिल गरेको उपलब्धि विशेष गरी भारतको अध्यक्षतामा सफलतापूर्वक सम्पन्न जी-२० शिखर सम्मेलन र चन्द्रयान-३ मिशन बारे चर्चा गरेकी थिइन्।

कार्यक्रमका दौरान राजदूत श्रीवास्तवले मृतक सैनिकका श्रीमती र निकटतम नातेदारलाई नेरु. ५.०७ करोड नगद तथा कम्बल वितरण गरी सम्मान गरे।

सेवानिवृत्त सैनिकहरुलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता दोहोर्याउँदै दूतावासले नेपालमा बसोबास गरिरहेका भूतपूर्व सैनिकहरुका लागि भारत सरकारको कल्याणकारी पहलहरु समावेश गरिएको भूपू-२०२४ पत्रिकाको लोकार्पण गरेको छ।

राजदूत श्रीवास्तवले विभिन्न संस्थाहरुलाई पुस्तक उपहारस्वरुप प्रदान गरे। दूतावासले भारतको ७५औं गणतन्त्र दिवसको अवसरमा ३० वटा संस्थालाई नेरु. १९ लाख बराबरको पुस्तक उपहारस्वरुप वितरण गरेको छ।

कार्यक्रममा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीहरुले सांस्कृतिक प्रस्तुति प्रस्तुत गरेका थिए।

दूतावासको सामाजिक सञ्जाल प्लाटफर्ममार्फत उक्त कार्यक्रम प्रत्यक्ष प्रसारण गरिएको थियो।

## नेपाल-भारत सीमानाका कटकुइयाँमा फहराइयो राष्ट्रिय झण्डा

नेपालगन्ज। नेपाल र भारतको सीमा जोडिने बाँकेको दोस्रो मुख्य नाका नरैनापुर-१ मा आठ फिट उचाइँमा राष्ट्रिय झण्डा फहराइएको छ।

बुधबार एक समारोहबीच नरैनापुरको कटकुईया सीमा नाकामा नरैनापुर गाउँपालिकाका सशस्त्र प्रहरी बल नेपाल नं. ३० गण बोर्ड आउट पोष्ट कटकुईयाँमा बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवण कुमार पोखरेलले राष्ट्रिय झण्डा फहराएका छन्।



सो अवसरमा नरैनापुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मरणराम खरालले हजारौं योजनामध्ये नरैनापुरको मुख्य सीमा क्षेत्रमा राष्ट्रिय झण्डा फहराउन सफल हुनु नरैनापुरबासीका लागि गौरवको विषय भएको बताउँदै आउने वर्षको बजेटमा सीमामा गेट निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

बाँकेका प्रमुख जिल्ला अधिकारी श्ररण कुमार पोखरेलले कटकुइयाँमा फहराइएको राष्ट्रिय झण्डा सम्पूर्ण नेपालीको मान सम्मान एवं स्वाभिमानलाई प्रतिबिम्बित गर्ने विश्वास व्यक्त गरे। उनले भने "कुनै पनि राष्ट्रको राष्ट्रियता झण्डामा मात्र निहित हुँदैन, राष्ट्रियता हरेक नागरिकको हृदयमा हुन्छ।"

नरैनापुर १ का अध्यक्ष इसाक जोलाहले देशमा शासन गर्नेले अहिले पनि राष्ट्रियता राजधानीमा मात्र खोज्ने गरेको टिप्पणी गर्दै उनले भने, "राष्ट्रियता देखिनुछ भने यो देशको १३ हजार ८५ किलोमिटर लामो नेपाल-भारत सीमामा दिनरात आफ्नो भूमिलाई ज्यानभन्दा प्यारो मानेर संरक्षण एवं सुरक्षा गरेर बसेका मधेसी समुदायलाई मेचीदेखि महाकालीसम्मको बोर्डरमा आएर हेर्दा हुन्छ।"

कार्यक्रममा सशस्त्र प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश विक्रम शाही, बाँके प्रहरी प्रमुख प्रहरी उपरिक्षक सुभास बोहरा, अनुसन्धान विभागका एसपी मोहन कुवर, वडा नं. २ का अध्यक्ष मसूद अहमद शाह, ३ अजय मिश्रा, ४ का मनोज शर्मा, नरैनापुरका प्रेस विज्ञ आलम खान, पत्रकार विनय दिक्षित, जनप्रतिनिधि, पार्टी प्रतिनिधि, आमनागरिक, नेपाल-भारत दुवै देशका सुरक्षाकर्मीका स्थानीय प्रमुखलगायत विभिन्न व्यक्तिको सहभागिता रहेको थियो।

### मधेश...

कै अवस्थामा बजेट विनियोजन गरे। तर बजेट कार्यान्वयनको समयमा म सँग वा क्याबिनेटको निर्णय बेगर नै मुख्यमन्त्रीले मोनो पोली ढङ्गबाट असोजमा आएर फेरी मैले जिम्मेवारी पाएको मन्त्रालय टुक्राएर शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी मलाई दिएको बताए। आफूले पाएको मन्त्रालयबाट कुनै किसिमको भ्रष्टाचार र कमिसनको खेल हुन नदिने अडान राखेपछि। मेरो मन्त्रालयको कुनै पनि फाइल अगाडी बढ्न नदिने मनसाय अर्थमन्त्री र मुख्यमन्त्रीको देखियो। योजना सुरु हुनुभन्दा पहिले कमिसनको डिमान्ड आउथ्यो। जो खेद जनक कार्य रहेको बताए। मधेश कृषि विश्वविद्यालयमा करौडोको हिनामिनाका कारण कुनै कामकाज अगाडी बढेका थिएन। अख्तियारमा मुद्दा चलिरहेको अवस्थामा पनि म सबै फाइललाई अगाडी बढाएर पठन-पाठन देखि निर्माण कार्यको लागि बजेट समेत विनियोजन गरेको थिए।

### केन्द्रीय...

विषयवस्तुमा परिषद्को ध्यानाकर्षण भयो। तिलगङ्गा आँखा प्रतिष्ठानको विषय अदालतमा विचाराधीन रहेको अवस्थामा हाललाई निर्णयमा पुगिरहन परेन। आगामी दिनमा यस प्रकारका विषयहरुमा कानूनी संशोधनको प्रक्रियामा जानु अगाडी पर्याप्त मात्रामा सरोकारवालाहरुवीच छलफल गरी यथाशक्य विवादरहित रुपमा निर्णयमा पुग्न प्रतिष्ठानहरुलाई जानकारी गराउने।

निर्णय नं. ५: स्वदेशमै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्ने गरी आर्थिक क्रियाकलापको विस्तार गर्ने एवम् आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्य सहित सरकार, रोजगारदाता ट्रेड युनियन तथा सरोकारवाला सबैको सहभागितामा राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन गर्ने र यसको तयारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट आवश्यक कार्यहरु गर्ने।

निर्णय नं ६: केन्द्रीय श्रम सल्लाहकार परिषद्को आजको बैठकमा सरोकारवाला निकायका प्रतिनिधि एवम् परिषद्का सदस्यहरुबाट श्रम प्रशासनको सुदृढीकरण तथा श्रम कानूनहरुमा गर्नुपर्ने समसामयिक सुधारका सम्बन्धमा प्राप्त भएका धारणा एवम् पृष्ठपोषण उपर अध्ययन गरी सुझावसहितको प्रतिवेदन दिने गरी सरकार, रोजगारदाता, ट्रेड युनियन र श्रम प्रशासन विज्ञको प्रतिनिधित्व हुने गरी एक कार्यदल गठन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने। श्रम मन्त्रीका स्वकिय सचीव रन्जित निस्पक्षले जनाएका छन्।

**आयुर्वेदिक उपचार**

## छालामा देखिने समस्या डन्डीफोर



**डा. सबरी साह**
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

डन्डीफोर युवायुवतीको छालामा देखिने सामान्य समस्या भएको हुनाले यसलाई सामान्य भाषामा यौवन पीडिका पनि भनिन्छ। यो प्राय: १३-३० वर्ष उमेरको युवायुवती देखिन्छ। यो समस्या कसैमा एकदम कम हुन्छ र कसैमा एकदम बढ़ी हुन्छ। जसमा यो समस्या बढी हुन्छ उसको अनुहारलाई डन्डीफोरको दाग र खतले कुरूप बनाई दिन्छ। डन्डीफोरको प्रकृति छालाको प्रकारमा पनि निर्भर गर्दछ। अर्थात चिल्लो छाला (ऑयली स्किन) भएको युवायुवतीमा बढी र कष्टदायक हुन्छ। डन्डीफोर धेरैजसोमा आफै पनि ठीक हुन्छ, उपचार गराइराख्नु पर्दैन। तर जसको अनुहारमा ठूलो-ठूलो दाना आउँछ,बढी मात्रा आउँछ र पाक्न थाले भने उपचारको आवश्यकता हुन्छ। किनकि लापरवाहीले छालामा विभिन्न किसिमको दाग धब्बा हुनुको साथै छाला कुरूप पनि हुन्छ। डण्डीफोरले असर गरिरहेको बेला चलाउने र निचार्नेले छालाको दागलाई झन् कडा बनाउनमा मदत गर्दछ।

डण्डीफोर व्यक्तिको खानपान, जीवनशैली र सरसफाईमा पनि निर्भर गर्छ।

अनुहारलाई राम्रोसँग सफा गरिएन भने पनि डण्डीफोर आउँछ। चिसोमा भन्दा गर्मी मौसममा डण्डीफोरको समस्याले बढी सताउँछ। छालामा आउने डण्डीफोरमा खानेकुराको भूमिका निकै महत्वपूर्ण हुन्छ।

कारण :-

१. खानामा चिल्लो, डेरी प्रोडक्ट, अमिलो बढ़ी भएमा।
२. चकलेट, कोल्डड्रिंक तथा मैदाजन्य पदार्थ बढी खाएमा।
३. पाचनशक्ति कमजोर हुनु तथा कब्जियत हुनु।
४. युवावस्थामा हुने हार्मोनल परिवर्तन।
५. मानसिक तनाव र अनिद्रा।
६. क्रिम पाउडर आदिको अत्यधिक प्रयोग।

उपचार :-

१. पानी प्रशस्त मात्रामा पिउनु पर्छ।
२. पेट सफा राख्नु पर्दछ।
३. मौसमी फलफूल प्रशस्त मात्रामा खाने।
४. स्वस्थकर खाना खाने।
५. सौन्दर्य सामग्री गुणस्तरीय मात्र प्रयोग गर्ने।
६. अनुहारलाई नियमित रूपमा सफा गर्ने।
७. अनुहारमा मुल्तानी मिट्टी, नीम र पुदीनाको पात तीनैको धूलो बनाएर दैनिक लेप लगाउने।
८. आयुर्वेदको चिकित्सकको सल्लाह अनुसार अन्य औषधि एवं क्रिमको प्रयोग गर्ने।


## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं